# वार्षिक गतिविधि पुस्तिका

## आ. व. २०८१/०८२

राष्ट्रिय मानव अधिकार आयोग

लुम्बिनी प्रदेश कार्यालय, बुटवल

# वार्षिक गतिविधि पुस्तिका

आ. व. २०८१/०८२

## राष्ट्रिय मानव अधिकार आयोग

### लुम्बिनी प्रदेश कार्यालय, बुटवल

**आयोगका पदाधिकारीहरू**

| | | |
|---|---|---|
| अध्यक्ष | : | मा. तपबहादुर मगर |
| सदस्यहरू | : | |
| | : | मा. डा. सूर्य ढुङ्गेल |
| | : | मा. मिहिर ठाकुर |
| | : | मा. मनोज दुवाडी |
| | : | मा. डा. लिली थापा |
| सचिव | : | मुरारीप्रसाद खरेल |
| सल्लाहकार | : | हरिप्रसाद ज्ञवाली |
| सम्पादन | : | अजित कुमार ठाकुर |
| लेखन समिति | : | अजित कुमार ठाकुर |
| | : | प्रिथु खतिवडा |
| | : | आशिष श्रेष्ठ |
| | : | सागर पोखरेल |
| | : | सुप्रिना चौधरी |
| | : | अर्जुन खनाल |
| | : | राजकुमार वि.क. |

## *मन्तव्य*

नेपालको संविधानको धारा २४९ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चिता गर्नु राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक दायित्व हो । लुम्बिनी प्रदेश कार्यालय, बुटवलले आफ्नो स्थापना कालदेखि नै "मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र प्रभावकारी कार्यान्वयन" भन्ने आयोगको मूल लक्ष्यलाई आत्मसात गर्दै मानव अधिकारको सार्वभौमिक मूल्य र सिद्धान्तलाई प्रदेशस्तरमा संस्थागत बनाउने प्रतिबद्धता व्यक्त गर्दै आएको छ । आ.व. २०८१/८२ को यस प्रतिवेदनमा राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश कार्यालयको कार्य क्षेत्रभित्रका जिल्लाहरूको मानव अधिकारको अवस्था र यस कार्यलयबाट सम्पादित काम कारबाहीलाई समावेश गरिएको छ । यस कार्यालयमा वर्षभरि परेका उजुरी, उजुरीउपर छानबिन, अनुसन्धान तथा अनुगमन विवरण लगायतका विषयवस्तु संलग्न छन् । यी गतिविधिहरूमा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, यातना विरूद्धको अधिकार, मानव बेचबिखन, जातीय विभेद, स्वास्थ्य अधिकार, शिक्षाको अधिकार र विकासको अधिकार जस्ता विषयहरूलाई प्राथमिकताका साथ सम्बोधन गरिएको छ ।

मानव अधिकारको सुनिश्चितता कानूनी दस्तावेजमा मात्र सीमित नभई व्यवहारमा प्रत्याभूत हुनुपर्ने विषय पनि हो । नेपालको भौगोलिक दृष्टिले मध्यभागमा अवस्थित लुम्बिनी प्रदेश ऐतिहासिक, सांस्कृतिक र सभ्यतागत दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र हो ।यद्यपि, बुद्धको जन्मभूमि र शान्तिको प्रतीकको रूपमा चिनिने यस प्रदेशमा गरिबी, विभेद, अशिक्षा, बेरोजगारी, लैङ्गिक असमानता, बालबालिकामाथि हुने दुर्व्यवहार, र स्वास्थ्य सेवामा देखिने असमान पहुँच जस्ता चुनौतीहरू विद्यमान रहेता पनि त्यही चुनौतीहरूले मानव अधिकारको प्रवर्धन र संस्थागत विकासका लागि प्रेरणाको स्रोत पनि प्रदान गरेको छ ।

आ.व. २०८१/८२ मा कार्यालयमा पर्न आएका मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित १०३ वटा उजुरी उपर अनुसन्धान सम्पन्न गरी निर्णयका लागि केन्द्रीय कार्यालय पठाइएको छ ।

यसका साथै, मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा तत्काल सम्बोधन गर्न ९ पटक आकस्मिक अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गरिएको छ ।यसै क्रममा स्वास्थ्य तथा शिक्षाको अधिकारको उपभोगको अवस्था सम्बन्धमा कार्यालयको कार्य क्षेत्रभित्रका सबै जिल्लाहरूको अनुगमन गरी सुधार गर्नुपर्ने विषयहरू आयोग समक्ष पेश गरिएको छ ।

यस कार्यालयले आफ्ना हरेक क्रियाकलाप सञ्चालन गर्दा प्रदेश सरकार, सरकारी निकायहरू, सुरक्षाकर्मीहरू, अधिकारकर्मीहरू, नागरिक समाज, पत्रकार, कानून व्यवसायी लगायतबाट पाएको सहयोग र समन्वयका लागि सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

लुम्बिनी प्रदेश कार्यालयको प्रमुखको जिम्मेवारी सुम्पने आयोगका माननीय अध्यक्षज्यू, सदस्यज्यूहरू तथा सचिवज्यू प्रति हार्दिक आभार एवम् धन्यवाद ज्ञापन गर्दछु । यस कार्यालयका हरेक क्रियाकलापलाई सफल बनाउन अहोरात्र खट्ने यस कार्यालयमा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूप्रति हार्दिक धन्यवाद सहित कृतज्ञता अर्पण गर्दछु ।

असार २०८२

....................

**हरिप्रसाद ज्ञवाली**
निमित्त कार्यालय प्रमुख

फोन नं. ००९७-७१-४१०१७५, फ्याक्स नं.४१०१७६ पो.ब.नं.८३ बुटवल, रूपन्देही
Phone: +977 71 410175 Fax: +977 71 410176, P.O. Box: 83, Butwal, Rupandehi
Email: nhrcbtl@nhrcnepal.org Website: www.lumbini.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## मन्तव्य

आयोगको लुम्बिनी प्रदेश कार्यालय, बुटवलले आफ्नो कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुको आ.व.२०८१/०८२ को मानव अधिकारको समग्र अवस्थालाई समेटी वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ ।

नेपालको संविधान, कानून तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुमा निहित हक-अधिकारहरु नागरिकले स्वतन्त्ररुपमा उपभोग गर्न पाउनु पर्दछ भन्नेमा आयोग दृढ रहेको छ । मानव अधिकार उल्लङ्घनका घटनाहरु हुँन नदिन, राज्यका संयन्त्रहरुलाई मानव अधिकारको सुनिश्चितताका लागि जवाफदेही बनाउन तथा मानव अधिकार संस्कृतिको निर्माण गर्न यस क्षेत्रमा कार्यरत सबैको हातेमालो अपरिहार्य छ ।

लुम्बिनी प्रदेश कार्यालयले यस आ.व.को मानव अधिकारको समग्र अवस्थालाई मुखरित गरी तयार गरेको प्रस्तुत प्रकाशनले त्यस प्रदेशको मानव अधिकारको सर्वाङ्गिण पक्षलाई चित्रण गर्ने मेरो विश्वास छ ।

अन्त्यमा यो वार्षिक गतिविधि पुस्तिका प्रकाशनको कार्यमा संलग्न लुम्बिनी प्रदेश कार्यालय, बुटवलका कार्यालय प्रमुखसहित त्यस कार्यालयमा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको म हार्दिक सराहना गर्दछु ।

(तप बहादुर मगर)
अध्यक्ष

असार २०८२

# विषय सूची


## परिच्छेद-१

१. पृष्ठभूमि/परिचय १

१.२ सांगठनिक संरचना, कार्यादेश र कार्यक्षेत्र २

## परिच्छेद-२

१. मानव अधिकार आयोगको संवैधानिक तथा कानूनी अवधारणा ३-९

## परिच्छेद-३

लुम्बिनी प्रदेश कार्यालयको काम उपलब्धि चुनौती र सामाधानका उपायहरू ११

नागरिक तथा राजनैतिक अधिकार उपभोगको अवस्था १२

अभिव्यक्ति र प्रेस स्वतन्त्रता १४

कारागार तथा थुनुवा केन्द्र र बालसुधार गृहको अवस्थाः १६

संक्रमणकालीन न्यायको अवस्था १७

महिला अधिकार र UN Resolution १३२५ र १८२० को कार्यान्वयन १८

## परिच्छेद-४

लुम्बिनी प्रदेशका क्षेत्राधिकारका जिल्लाहरूको तथ्याङ्क (श्रोत नेपाल प्रहरी) २०

आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार उपभोगको अवस्था २१

शिक्षाको अधिकार २५

सहकारी ठगी र वित्तीय अपराध २७

वैदेशिक रोजगार तथा आप्रवासी कामदार र मानव बेचविखन २७

अपाङ्ग व्यक्तिहरूको अवस्था र रोजगारी ३०

वातावरणीय न्याय र जलवायु परिवर्तन ३१

दलितको अधिकार ३२

ज्येष्ठ नागरिकको अधिकार ३३

LGBTIQ+ र मानव अधिकार ३५

किसानको अधिकार ३६

## परिच्छेद-५


कार्यालयका उपलब्धि, चुनौती र समाधानका सम्मावित उपायहरू प्रदेश कार्यालयका उपलब्धि ३८

आकस्मिक अनुगमन तथा विषयगत मानव अधिकार प्रचलनको अवस्था अनुगमन ३८

नेपाल सरकारको मानव अधिकार सम्वन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था अनुगमन ३८

प्रदेश कार्यालयका चुनौती ३९

नेपाल सरकार तथा संघीय संसदलाई ३९

प्रदेश सरकार तथा स्थानीय तहलाई ४०

नागरिक समाज तथा सञ्चारमाध्यमलाई ४०

संरक्षणात्मक गतिविधि आर्थिक वर्ष २०८१/८२मा राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय बुटवलबाट अनुसन्धान सम्पन्न भएका उजुरीको विवरण ४१

अन्य संस्थाले आयोजना गरेको कार्यक्रममा श्रोत व्यक्तिको रूपमा भाग लिएको भए ४६

अन्य निकायले आयोजना गरेको कार्यक्रममा सहभागि भएको सम्बन्धी ४७

आयोगले आयोजना गरेको कार्यक्रम सम्बन्धी ५२

संरक्षण सम्बन्धी विषयगत अनुगमन (Thematic) अनुसार संख्या ५३

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय बुटवलमा दर्ता भई अनुसन्धान सम्पन्न गरी निर्णयार्थ आयोगको केन्द्रीय कार्यालयमा पठाइएको उजुरीहरूको विवरण ५९

लुम्बिनी प्रदेश कार्यालयको प्रस्तावित सांगठनिक संरचना ७२

राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयमा कार्यरत कर्मचारीको विवरण ७३

# परिच्छेद-१

# राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयको परिचय

**१. पृष्ठभूमी**

नेपालमा मानव अधिकारको अवधारणा पश्चिमी मूल्यहरूबाट प्रभावित भए तापनि यसको मूल आधार पूर्वीय दार्शनिक भावनामा पनि पाइन्छ– सर्वजन हिताय, सर्वजन सुखाय (सबैको हितले सबै सुखी हुने) जस्ता सिद्धान्तहरूले नै मानव अधिकारको मूल मर्म हो । सार्वभौमिकता, अविभाज्यता, अहरणीयता र नैसर्गिकता जस्ता विशेषताहरूका कारण मानव अधिकार मानव अस्तित्वसँग अनिवार्य रूपमा सम्बन्धित हुन्छन् ।

१९९१ मा पेरिसमा भएको सम्मेलनबाट तयार Paris Principles को अनुमोदन संयुक्त राष्ट्रसंघीय महासभाले १९९३ मा गरेपछि विश्वका धेरै देशहरूले राष्ट्रिय मानव अधिकार आयोग स्थापना गरे । नेपालमा नागरिक समाज र अधिकारकर्मीहरूको दबाबमा स्वतन्त्र आयोग स्थापनाको कानुनी प्रक्रिया अघि बढाइयो। सर्वोच्च अदालतको परमादेशपछि मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत २०५७ जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोग गठन भयो । हाल लागु मानव अधिकार आयोग ऐन, २०६८ अनुसार मानव अधिकार भन्नाले जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संवैधानिक र कानुनी अधिकार बुझिन्छ ।

नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ ले आयोगलाई संवैधानिक निकायको रूपमा स्थापित भएको आयोगको प्रमुख दायित्व मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्नु हो । यसले केन्द्रदेखि प्रदेश शाखासम्म उजुरी ग्रहण, अनुसन्धान र सिफारिसहरूको कार्यान्वयन अनुगमन गर्छ । लुम्बिनी प्रदेश कार्यालयले आर्थिक वर्ष २०८१/८२ को गतिविधि प्रतिवेदनमा प्रदेशको समग्र मानव अधिकार अवस्थाको विश्लेषण गरेको छ ।

यसमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू साथै महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका अधिकारहरूको मूल्याङ्कन गरिएको छ । हिरासत, कारागार, आप्रवासी श्रम, वातावरणीय न्याय र दिगो विकासका सवाल पनि समेटिएका छन् ।

नेपालको संविधानले नागरिकका ३१ मौलिक अधिकार सुनिश्चित गरे पनि व्यवहारमा ती सबै कार्यान्वयन हुन सकिरहेको छैन । २०८१/८२ को अवस्थाअनुसार कानुनी र न्यायिक प्रगति भए पनि कमजोर संस्थागत संरचना र राजनीतिक इच्छाशक्तिको अभावका कारण विभेद, दण्डहीनता र अधिकार हननका समस्या कायम छन् ।

## १.२ **सांगठनिक संरचना, कार्यादेश र कार्यक्षेत्र**

नेपालको संविधान अनुसार राष्ट्रिय मानव अधिकार आयोग एक संवैधानिक निकाय हो । मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी संवैधानिक कार्यादेश अनुसार आयोगको अध्यक्ष-१ र ४ जना सदस्यहरू रहने भएको संरचना छ। आयोगको केन्द्रीय कार्यालय हरिहरभवन ललितपुरमा रहेको छ भने ७ वटा प्रदेश कार्यालयहरू र ३ वटा प्रदेश शाखा कार्यालयहरू रहेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७५ असार ८ गतेको निर्णय अनुसार लुम्बिनी प्रदेश कार्यालयको सांगठनिक संरचना प्रस्ताव गरी स्विकृतिका लागि नेपाल सरकारलाई पठाइएकोमा हालसम्म स्वीकृत भएको छैन ।

लुम्बिनी प्रदेशमा आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलमा रहेको छ भने यस कार्यालयको कार्यक्षेत्रका जिल्लाहरू रूपन्देही, कपिलवस्तु, नवलपरासी (व.सु.प.), पाल्पा, अर्घाखाँची र गुल्मी रहेको छ। प्रदेशको अन्य जिल्लाहरू लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगंजको क्षेत्राधिकारमा रहेको छ।

# परिच्छेद-२

# मानव अधिकार आयोगको संवैधानिक तथा कानूनी अवधारणा

राष्ट्रिय मानव अधिकार आयोगको संबन्धमा भएको संवैधानिक व्यवस्था नेपालको संविधानको भाग २५ धारा २४८

(१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन् ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(३) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।

(४) उपधारा (२) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन । तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(५) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछः (क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, (ख) निजको विरूद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा, (ग) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा, (घ) निजको मृत्यु भएमा ।

(६) देहायको योग्यता भएको व्यक्ति राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य पदमा

**नियुक्तिका लागि योग्य हुनेछः**

क) अध्यक्षको हकमा मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशको

पदबाट सेवानिवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्द्धन वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशिष्ट योगदान पुर्याई ख्यातिप्राप्त गरेको,

ख) सदस्यको हकमा मानव अधिकारको संरक्षण र संवर्द्धन, बालबालिकाको हकहितको क्षेत्रमा कार्यरत वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशिष्ट योगदान पुर्याई ख्यातिप्राप्त गरेको,

ग) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको,

घ) पैंतालिस वर्ष उमेर पूरा गरेको,

ङ) नियुक्ति हुँदाका बखत राजनीतिक दलको सदस्य नरहेको,

च) उच्च नैतिक चरित्र भएको ।

(७) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त संघीय कानून बमोजिम हुनेछ । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागु हुने छैन ।

८) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन । तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न र यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

## २४९. **राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार**

१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न लागि राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमका काम गर्नेछः

क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरूत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही

गर्त सिफारिस गर्ने, निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

ख) मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ङ) मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

ज) मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख राख्ने ।

**३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछः**

क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दसी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

ख) मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

घ) मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ ।

धारा २८३. समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्नेः संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ ।

धारा २९३. संवैधानिक निकायको काम कारबाहीको अनुगमनः संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनु पर्नेछ । प्रतिनिधि सभाका समितिले राष्ट्रिय  मानव अधिकार आयोग बाहेकका अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ ।

**धारा २९४. संवैधानिक निकायको वार्षिक प्रतिवेदन**

१) यस संविधान बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउनेछ ।

२) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरू संघीय कानून बमोजिम हुनेछ ।

३) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ ।

धारा ३०६ (ठ). "संवैधानिक निकाय" भन्नाले यस संविधान बमोजिम गठन गरिएका अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोग सम्झनु पर्छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार आयोगको काम, कर्तव्य र अधिकार दफा ४(१) संविधानको धारा २४९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) मानव अधिकारको संरक्षणका लागि कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने, गराउने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता निकाय, संस्था वा ठाउँमा गर्नु पर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने,

ख) मानव अधिकारको उल्लङ्घन भएको बारे अदालत समक्ष दाबी समावेश भएको विचाराधीन मुद्दाका विषयमा सम्बन्धित अदालतको अनुमतिबाट छानबिन गर्ने,

ग) मानव अधिकार सम्बन्धी प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

घ) मानव अधिकारको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

ङ) मानव अधिकार सम्बन्धी शिक्षामूलक विषयवस्तुलाई विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

च) मानव अधिकारको विद्यमान अवस्था बारे समीक्षा गरी सो सम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गर्ने,

छ) मानव अधिकारको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

२) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने कार्यमा आयोग स्वतन्त्र र स्वायत्त रहनेछ ।

**दफा ५ ध्यानाकर्षण गराउन सक्ने**

१) आयोगले मानव अधिकारको संरक्षण र संवर्द्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकता अनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउन सक्नेछ।

२) उपदफा (१) बमोजिम आयोगले ध्यानाकर्षण गराएकोमा सम्बन्धित निकाय वा पदाधिकारीले सो विषयमा आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिनु पर्नेछ ।

**दफा ६. आयोगले राय वा परामर्श दिन सक्ने**

१) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि अन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनु पर्ने दायित्व भएको विषयमा नेपाल सरकारले प्रतिवेदन पठाउनु अघि रायको लागि आयोग समक्ष लेखी पठाउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम लेखी आएमा आयोगले यथाशक्य छिटो सो विषयमा नेपाल सरकारलाई राय दिनु पर्नेछ ।

३) मानव अधिकारसँग सम्बन्धित कुनै कानून निर्माण वा भइरहेको कुनै कानून संशोधन गर्ने सम्बन्धमा नेपाल सरकारले आयोगको परामर्श माग गरेमा आयोगले सो विषयमा नेपाल सरकारलाई राय उपलब्ध गराउन सक्नेछ ।

४) आयोगले मानव अधिकारसँग सम्बन्धित नयाँ कानून निर्माण वा भइरहेको कुनै कानूनमा संशोधन गर्ने वा कुनै अन्तर्राष्ट्रिय वा क्षेत्रीय महासन्धिको पक्ष बन्न नेपाल सरकार समक्ष फारिस गर्न सक्नेछ ।

५) मानव अधिकारसँग सम्बन्धित कुनै अन्तर्राष्ट्रिय वा क्षेत्रीय सन्धिको पक्ष बन्ने सम्बन्धमा नेपाल सरकारले आयोगको परामर्श माग गरेमा आयोगले सो विषयमा नेपाल सरकारलाई राय उपलब्ध गराउनेछ ।

७. नाम सार्वजनिक गर्ने र अभिलेख राख्ने

१) आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्नेछ ।

२) आयोगले उपदफा (१) बमोजिम नाम सार्वजनिक गर्नु अघि आयोगबाट भएको सिफारिस, आदेश वा निर्देशन पालना वा कार्यान्वयन नगरेको कुरा उल्लेख गरी त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायलाई सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिई लेखी पठाउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम लेखी पठाएकोमा म्यादभित्रै सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले सफाइ पेश नगरेमा वा पेश गरेको सफाइ मनासिब नदेखिएमा त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायको नाम आयोगले उपदफा (१) बमोजिम सार्वजनिक गर्नेछ ।

४) उपदफा (१) बमोजिम नाम सार्वजनिक गरेपछि आयोगले त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायको नाम अभिलेख गरी राख्नु पर्नेछ ।

५) उपदफा (१) बमोजिम नाम सार्वजनिक गरिएको व्यक्तिलाई कुनै सार्वजनिक पदमा नयाँ नियुक्ति, बढुवा र वृत्ति विकासका लागि सिफारिस गर्दा सम्बन्धित निकायले उपदफा (४) बमोजिम राखिएको अभिलेखलाई समेत आधार लिन सक्नेछ ।

६) उपदफा (१) बमोजिम नाम सार्वजनिक गरिएको पदाधिकारीलाई नयाँ जिम्मेवारी दिँदा निजको कार्यक्षमताको सम्बन्धमा सम्बन्धित निकायले उपदफा (४) बमोजिम राखिएको अभिलेखलाई समेत आधार लिन सक्नेछ ।

८. समिति वा कार्यदल गठन गर्न सक्ने

१) आयोगले आफ्नो कार्य सम्पादनको लागि आवश्यकता अनुसार समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम गठित समिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा त्यस्तो समिति वा कार्यदलका सदस्यहरूले पाउने सुविधा आयोगले तोकेबमोजिम हुनेछ ।

३) उपदफा (१) बमोजिमको समिति वा कार्यदलले आयोगद्वारा तोकिएको कार्य सम्पन्न गरेपछि आयोग समक्ष आफूले सम्पादन गरेको कामको प्रतिवेदन बुझाउनु पर्नेछ ।

४) आयोगलाई उपयुक्त लागेमा उपदफा (१) बमोजिमको समिति वा कार्यदल जुनसुकै बखत विघटन गर्न सक्नेछ ।

**दफा ९. अन्तरिम राहत तथा उद्धारसम्बन्धी व्यवस्था**

१) पीडित व्यक्तिलाई तत्काल राहत उपलब्ध नगराउँदा वा उद्धार नगर्दा निजलाई थप क्षति हुन सक्ने देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई तत्कालै अन्तरिम राहत उपलब्ध गराउन वा उद्धार गर्न सम्बन्धित निकायलाई आदेश गर्नेछ ।

२) उपदफा (१) बमोजिम आयोगले आदेश गरेकोमा सम्बन्धित निकायले पीडित व्यक्तिलाई तत्कालै राहत उपलब्ध गराउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिमको राहत नगदमा उपलब्ध गराएको भए सम्बन्धित व्यक्ति वा निकायले सो रकम मानव अधिकार उल्लङ्घनकर्ताबाट तोकिए बमोजिम असुल उपर गर्ने छ ।

४) आयोगले पीडित व्यक्तिलाई अन्तरिम राहत उपलब्ध गराउन वा पीडितको उद्धार गर्न कुनै संघ संस्था वा व्यक्तिलाई सहयोगको लागि अनुरोध गर्न सक्नेछ ।

५) अन्तरिम राहत तथा उद्धार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

# परिच्छेद-३

# कार्यालयको गतिविधि

### संरक्षणात्मक गतिविधि

आर्थिक वर्ष २०८१/८२ मा यस कार्यालयले मानव अधिकार संरक्षणका निमित्त उजुरी दर्ता, मानव अधिकार उल्लंघन वा प्रचलनका विषयमा प्राप्त सूचनाको आधारमा सम्बन्धित निकायमा अनुगमन जानकारी माग गर्ने दर्ता भइआएका उजुरीहरूमा अनुसन्धान गरी निर्णयार्था आयोगको केन्द्रीय कार्यालयमा पठाइएको छ । मानव अधिकार संरक्षणका गतिविधिहरूको विस्तृत विवरण अनुसूची ......संलग्न गरिएको छ ।

### संवर्द्धनात्मक गतिविधि

यस कार्यालयबाट सम्पन्न गरिएका संवर्द्धनात्मक कार्यहरूमा विभिन्न संघसंस्थाहरूले आयोजना गरेको तालिम प्रशिक्षण अन्तरक्रिया सम्मेलन गोष्ठी अभिमुखीकरण जस्ता कार्यक्रमहरू तथा यस कार्यालयले आफैं संचालन गरेका विभिन्न कार्यक्रमहरू भएगरिएका थियो । विस्तृत विवरण अनुसूची....मा संलग्न गरिएको छ ।

### प्रशासनिक गतिविधि

यस कार्यालयलाई तोकिएबमोजिमका निम्नानुसारका प्रशासनिक कार्यहरू यस कार्यालयबाट सम्पन्न गरिएका छन् ।

क. दैनिक कार्यालय संचालन तथा व्यवस्थापन

ख. सार्वजनिक खरिद

ग. कार्यालयका मालसामान तथा जिन्सीसम्पतिको संभार तथा संरक्षण

घ. सवारीसाधनको व्यवस्थापन

ङ. दैनिक भैपरी आउने अन्य कार्यहरू

### अन्य गतिविधि

राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय बुटवलमा मानव अधिकारका विभिन्न सवालहरूमा केन्द्रीत रही सेवाका लागि आउनु भएका १४१ सेवाग्राहीहरूलाई आवश्यक परामर्श दिई कारवाहीको लागि सम्बन्धित निकायहरूमा पठाइएको छ ।

# परिच्छेद-४

# लुम्बिनी प्रदेशमा मानव अधिकारको समग्र अवस्था

आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था मिश्रित पाइयो । केही क्षेत्रमा सुधार देखिए पनि आधारभूत अधिकारको प्रत्याभूति अझ चुनौतीपूर्ण रह्यो। प्रदेश र स्थानीय तहले केही नीतिगत प्रयास गरे तापनि कार्यान्वयन र नागरिक पहुँच कमजोर रह्यो ।

संविधानले दिए अनुसार शान्ति, न्याय र संक्रमणकालीन प्रतिबद्धता पूर्ण कार्यान्वयन हुन सकेको छैन । सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बल पूर्वक वेपत्ता पारिएको ब्यक्तिहरूको छानविन आयोगहरू गठन भएता पनि द्वन्द्वकालीन पीडितले न्याय, राहत र क्षतिपूर्ति पाउन सकेका छैनन्। राज्य पुनसंरचना र समावेशी विकासका संयन्त्र पनि प्रभावकारीरूपमा सक्रिय भएनन्, जसले नागरिकमा निराशा ल्यायो।

संक्रमणकालीन न्यायका संयन्त्र निष्क्रिय भएकाले सत्यको खोजी, पीडकलाई कारबाही वा संरचनात्मक सुधार सम्भव भएको छैन । विभिन्न आन्दोलनमा जातीय वा क्षेत्रीय नाराले विभाजन बढाएको र सामाजिक सद्भावमा असर पारेको छ । सार्वजनिक पदाधिकारी र जन-प्रतिनिधिहरूमा जवाफदेहिता, पारदर्शिता र कानूनको शासनको अभावमा सुशासन र मानव अधिकार संरक्षणका उद्देश्यहरू कमजोर भएको पाइन्छ ।

जातीय र लैङ्गिक विभेद न्यूनीकरणका कानूनी प्रयासहरू प्रभावकारी हुन सकेका छैनन्। घरेलु हिंसा, बलात्कार, मानव बेचबिखन, बोक्सी आरोपलगायतका अपराध अझ कायम छन् । नागरिक सचेतना र कानूनी साक्षरता पर्याप्त नभएकाले पीडितहरूले न्यायिक प्रक्रियामा अन्योल अनुभव गरेका छन् । अपराध अनुसन्धान ढिलो र यातना-आधारित हुने प्रचलनले दण्डहीनता बलियो बनाएको छ ।

बन्द, हड्ताल र चक्काजामका कारण शिक्षा, रोजगार र आवतजावतमा अवरोध भयो । महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र समिान्तकृत वर्गका अधिकार सुनिश्चित हुन सकेनन्। स्वास्थ्य र शिक्षा सेवामा असमान पहुँच कायम रह्यो, विशेषगरी हिमाली र पहाडी क्षेत्रमा विद्यार्थीले पाठ्यपुस्तक र छात्रवृत्ति समयमै पाएनन्।

आयोगका सिफारिसहरू यस वर्ष पनि प्रभावकारीरूपमा कार्यान्वयन भएनन्। राहत र क्षतिपूर्ति वितरण न्यून रहँदा दण्डहीनता झनै मौलाएको छ । यथार्थमा, मानव

अधिकार उपभोग, संरक्षण र प्रवर्द्धनका प्रयासहरू अझै राज्य, समाज र राजनीतिक इच्छाशक्तिको कमीले सीमित छन् ।

**नागरिक तथा राजनैतिक अधिकार उपभोगको अवस्था**

नागरिक तथा राजनीतिक अधिकारहरूले व्यक्तिको अभिव्यक्ति, सभा, न्याय र हिरासतबाट संरक्षण सुनिश्चित गर्छन्। नेपालले यी अधिकारहरूलाई संवैधानिक र अन्तर्राष्ट्रिय कानूनमार्फत मजबुत बनाएको छ । संयुक्त राष्ट्र संघले १९६६ मा अन्तर र्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि (ICCPR) अपनायो, जसले अभिव्यक्ति स्वतन्त्रता (धारा १९), शान्तिपूर्वक भेला हुने स्वतन्त्रता (धारा २१) र यातना विरूद्धको हकलाई (धारा ७) जोड दिएको छ । नेपालले ICCPR लाई १९९१ मे १४ मा अनुमोदन गरी राष्ट्रिय कानूनसँग सामंजस्यता ल्यायो। यसले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी महासन्धि (CAT) सँग जोडिन्छ, जसलाई नेपालले २०१८ मा स्वीकार गऱ्यो। यी सन्धिहरूले राज्यलाई उल्लङ्घन रोक्न र पीडितलाई न्याय दिन बाध्य बनाउँछन् । तर, नेपालमा द्वन्द्वकालीन हिरासत मृत्यु र प्रहरी यातनाले कार्यान्वयन कमजोर बनाएको छ ।

नेपालको संविधान २०७२ को धारा १७ ले अभिव्यक्ति स्वतन्त्रता, धारा १७(२) ले सभा तथा धारा १८ ले सङ्गठनको अधिकार सुनिश्चित गर्छ । धारा २२ ले न्यायको हक र धारा २५ ले हिरासतमा यातना निषेध गर्छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन २०५३ ले आयोगलाई अनुगमन र सिफारिस गर्ने अधिकार दिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ ले गैरकानूनी  गिरफ्तारी रोक्छ । यी कानूनहरूले ICCPR सँग सामंजस्य राख्छन्, तर प्रहरीले मध्यस्थता प्रक्रिया प्रयोग गरी मुद्दा टुङ्ग्याउने प्रवृत्तिले न्याय कमजोर बनाउँछ ।

**जीवनको अधिकार**:

लुम्बिनी प्रदेशमा हत्या, हिंसा र शंकास्पद मृत्युका घटनामा कमी आउन सकेको छैन । पारिवारिक र सामाजिक विवाद, लेनदेन समस्या तथा आपराधिक समूहको सक्रियताले नागरिकको जीवनको अधिकार जोखिममा पारेको छ । सीमावर्ती क्षेत्रमा साना हतियारको प्रयोग नियन्त्रण अझै प्रमुख चुनौती हो ।

आर्थिक वर्ष २०७१/७२ देखि २०८१/८२ सम्म रूपन्देही र पाल्पा जिल्लाको सिमामा रहेको भूतखोला र तिनाउ ड्याम साइटमा डुबेर ११९ जनाको मृत्यु भएको छः २०७१/७२ मा १०, २०७२/७३ मा ८, २०७३/७४ मा १०, २०७४/७५ मा ६, २०७५/७६ मा १५, २०७६/७७ मा ३, २०७७/७८ मा ६, २०७८/७९ मा १४,

२०७९/८० मा १९, २०८०/८१ मा १४ र २०८१/८२ मा ५ जनाको मृत्यु भएको पाइयो भने भवितव्य (आत्महत्या लगायत) कारण मृत्युः २०७९/८० मा ६३६, २०८०/८१ मा ६१२ र २०८१/८२ को जेठ मसान्तसम्म ४९८ जनाको मृत्यु भएको नेपाल प्रहरी तथ्यांकले देखाउँछ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको अध्ययनअनुसार सडक दुर्घटनामा मृत्यु दर प्रति १०,००० सवारीसाधनमा ७.९६ र प्रति १००,००० जनसंख्यामा ९.०५ पुगेको छ । मुख्य कारण चालकको लापरवाही (७२.३२%) र तीव्र गति (१४.६६%) हुन् । बिहान ९ बजेदेखि साँझ ७ बजेसम्म दुर्घटना बढी हुने तथा ३९.२३% दुर्घटनामा दुई पाङ्ग्रे सवारी संलग्न हुने पाइयो । उच्च जोखिम समूह १५-४५ वर्ष उमेरका विशेष गरी युवा पुरूष हुन् । चौबाटो, तीखा मोड, ओभरलोड ट्रक र सुरक्षित प्रणालीको अभाव जोखिम कारक हुन् ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयको तथ्यांक (सवारी दुर्घटना) आ.व. २०७९/८० मा १,२०२ दुर्घटनामा ४६२ मृत्यु, ७९९ घाइते वा अंगभंग भएको, आ.व. २०८०/८१ः ८९ दुर्घटनामा ४० मृत्यु, ५९ घाइते भएको र आ.व. २०८१/८२ को जेठ मसान्तसम्मः ४,२०७ दुर्घटनामा ४६० मृत्यु, १,२४६ घाइते वा अंगभंग भएको तथ्याङ्क रहेको पाइन्छ ।

यसरी नागरिकको लागि निर्माण गरिएका पर्यटकीय पूर्वाधारहरूमा जीवन क्षय हुने वा मृत्युहुने अवस्था सृजना हुन तीनै तहका सरकारहरूको गैरजिम्मेवारी र लापरवाहीले हुने गरेकोमा नेपाल सरकारले सार्वजनिक सुरक्षा ऐनको संशोधन गरी ड्याम साइट, नदी किनार, र जोखिमयुक्त स्थानमा सुरक्षा पूर्वाधार अनिवार्य गरिनु पर्ने देखियो भने मानसिक स्वास्थ्य नीति प्रभावकारी रूपमा कार्यान्वयन गरिनु पर्ने, विशेष गरी आत्महत्या रोकथामका लागि कदम चाल्नु पर्ने देखिन्छ । त्यस्तै सडक सुरक्षासम्बन्धी राष्ट्रिय रणनीति पुनःसंरचना गरी चालक अनुशासन, सवारी जाँच, र ट्राफिक शिक्षा अनिवार्य गरिनु पर्ने, दुर्घटना पीडित राहत कोष स्थापनाको व्यवस्था गरिनु पर्ने, प्रदेश सरकारहरूले लुम्बिनी जीवन सुरक्षा कार्ययोजना तयार गरी डुब्ने घटनाको रोकथाम, मानसिक स्वास्थ्य सेवा विस्तार, र सडक दुर्घटना न्यूनीकरणका लागि बहु-क्षेत्रीय समन्वय गरिनु पर्ने, सडक संरचना सुधार (जस्तै तीखा मोड, चौबाटो, ट्राफिक संकेत) मा बजेट विनियोजन गरिनु पर्ने, युवा लक्षित सचेतना अभियान सञ्चालन गरिनु पर्ने, विशेष गरी विद्यालय र कलेजहरूमा र स्थानीय सरकारहरूले ड्याम साइट र नदी किनारमा चेतनामूलक बोर्ड, बार, र निगरानी टोली स्थापना गर्नु पर्ने,

सामुदायिक मानसिक स्वास्थ्य सेवा केन्द्र स्थापना गरिनु पर्ने, विशेष गरी आत्महत्या जोखिम भएका क्षेत्रहरूमा, सडक दुर्घटना रोकथामका लागि ट्राफिक शिक्षा, हेलमेट वितरण, र सवारी चेकजाँच अभियान सञ्चालन गरिनु पर्ने, स्थानीय सञ्चारमाध्यममार्फत जनचेतना कार्यक्रम सञ्चालन गरिनु पर्ने आवश्यकता रहेको देखिन्छ ।

जीवनको अधिकारको संरक्षणका लागि बहु-स्तरीय सरकार बीच समन्वय, नीति कार्यान्वयन, र जनचेतना अभिवृद्धि अपरिहार्य देखिएको छ । प्रस्तुत तथ्यांकले देखाएको जोखिमलाई सम्बोधन गर्न तत्काल र दीर्घकालीन उपायहरू अवलम्बन गरिनु आवश्यक छ । तीनै तहका सरकारले एकीकृत समन्वयात्मक कार्यक्रमहरू तर्जुमा गरी सबै निर्माण चरणमा सडक सुरक्षा लेखा परीक्षण र स्वचालित ट्राफिक व्यवस्थापन अनिवार्य बनाउने, एयरब्याग अनिवार्य सवारीसाधन आयात, वैज्ञानिक नापजाँच प्रणाली विकास र डेटाबेस एकीकरण, अद्यावधिक कार्ययोजना र दुर्घटना डाटा प्रणालीमार्फत ओभरलोड नियन्त्रण तथा तौल केन्द्र स्थापना, विद्यालय पाठ्यक्रममा सडक सुरक्षा शिक्षाको समावेश र चालक प्रशिक्षण तथा जनचेतना कार्यक्रम सञ्चालन, बहुप्रणालिगत ट्रमा व्यवस्थापन, प्रशिक्षित कर्मचारीसहित एम्बुलेन्स नेटवर्क र राष्ट्रव्यापी टोल-फ्री नम्बर स्थापनाको आवश्यकता रहेको छ ।

## अभिव्यक्ति र प्रेस स्वतन्त्रता

नेपालको संविधान, २०७२ को धारा १७ र १९ बाट अभिव्यक्ति स्वतन्त्रता तथा प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिएको छ । विश्व मानव अधिकार घोषणापत्र, क्ष्ऋत्रऋएच लगायतका अन्तर्राष्ट्रिय सन्धिहरूमा नेपालले हस्ताक्षर गरेको भए पनि व्यवहारिक कार्यान्वयन कमजोर भएको देखियो ।

लुम्बिनी प्रदेशका रूपन्देही, कपिलवस्तु, नवलपरासी (ब.सु.प.), अर्घाखाँची, पाल्पा, र गुल्मी जिल्लाहरूमा जुलाई १६, २०२४ देखि जुलाई १०, २०२५ सम्म अभिव्यक्ति स्वतन्त्रताको अवस्था मिश्रित देखिएको पाइयो । सञ्चारमाध्यमहरूले भ्रष्टाचार, सामाजिक अन्याय, र विकास परियोजनामा समाचार सम्प्रेषण गरे पनि पत्रकार हरूलाई धम्की, दबाब, र कानुनी कारबाहीको सामना गर्नुपरेको देखियो । नवलपरासी (ब.सु.प.) मा फेसबुक पोस्टका कारण प्रहरीद्वारा सोधपुछ गरिएको, अर्घाखाँचीमा सम्पादकविरूद्ध मानहानिको मुद्दा दायर गरिएको, र कपिलवस्तुमा सञ्चारमाध्यममाथि अनौपचारिक नियन्त्रणको प्रयास गरिएको अवस्था देखियो । पाल्पामा विज्ञापनको लोभ देखाएर समाचार सामग्रीमा प्रभाव पार्ने प्रयास गरिएको गुनासो पत्रकारहरूले गरेका छन् ।

विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७, मानहानि तथा साइबर

अपराधसम्बन्धी कानूनहरूको अस्पष्टता र दुरूपयोगबाट पत्रकार तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई निशाना बनाइएको पाइयो । उदाहरणस्वरूप, रूपन्देहीमा विकास परियोजनाको समाचार प्रकाशन गरेपछि सम्पादकलाई धम्की दिइएको, कपिलवस्तुमा भष्ट्राचारको समाचार प्रसारण गरेपछि पत्रकारलाई दबाब दिइएको, र पाल्पामा सामाजिक सञ्जाल प्रयोगकर्तालाई साइबर अपराधको आरोपमा पक्राउ गरिएको पाइयो । सामाजिक सञ्जालमार्फत अभिव्यक्ति स्वतन्त्रताको प्रयोग बढेको भए पनि आलोचना गर्ने व्यक्तिहरूमाथि साइबर अपराधको आरोपमा कारबाही गरिएको घटना अर्घाखाँची र नवलपरासी (ब.सु.प.) मा देखियो । यस्ता घटनाहरूले स्वतन्त्र अभिव्यक्तिमाथि अङ्कुश लगाउने प्रयास भएको देखियो ।सन् २०२५ को फेब्रुअरीमा नवलपरासी (ब.स.प.) को सुस्ता गाउँपालिकामा बाढीपीडितको अवस्था सामाजिक सञ्जालमार्फत उजागर गरिएपछि राहत जुटाउन सहयोग पुगेको देखियो । यसले सामाजिक सञ्जालको सकारात्मक प्रभावलाई उजागर गरेको पाइयो ।

नेपाल पत्रकार महासङ्घ (FNJ) द्वारा पत्रकारहरूको सुरक्षा तथा प्रेस स्वतन्त्रताको संरक्षणका लागि तालिम, कार्यशाला, र प्रशासनसँगको छलफल गरिएको पाइयो । रूपन्देहीमा पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको, कपिलवस्तुमा धम्कीको विरोधमा कारबाहीको माग गरिएको, र गुल्मीमा सञ्चारमाध्यमलाई विज्ञापन सहायता दिने नीति बनाइएको देखियो । लुम्बिनी प्रदेश सरकारले सन् २०२४ को डिसेम्बरमा लुम्बिनी प्रदेश सञ्चार नीति, २०८१ को मस्यौदा तयार गरेको भए पनि कार्यान्वयनमा आउन बाँकी रहेको पाइयो । प्रेस स्वतन्त्रताको संरक्षण तथा सञ्चारमाध्यमको दिगोपनका लागि नीतिगत पहल गरिएको देखियो ।

लुम्बिनी प्रदेशका रूपन्देही, कपिलवस्तु, नवलपरासी (ब.सु.प.), अर्घाखाँची, पाल्पा, र गुल्मी जिल्लाहरूमा अभिव्यक्ति र प्रेस स्वतन्त्रताको अवस्थामा प्रगति र चुनौतीहरू दुवै देखिएका छन् । पत्रकारहरूले भष्ट्राचार र सामाजिक मुद्दाहरूमा निर्भीक रूपमा समाचार सम्प्रेषण गरे पनि धम्की, साइबर अपराधको दुरूपयोग, र कानुनी कारबाहीका कारण उनीहरूको स्वतन्त्रता सीमित भएको छ । नेपाल पत्रकार महासङ्घ, प्रेस काउन्सिल, र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको पहलले प्रेस स्वतन्त्रताको संरक्षणमा केही सकारात्मक प्रभाव पारेको छ । यद्यपि, संरचनात्मक कमजोरी, कानुनी दुरूपयोग, र सामाजिक रूढिवादले यी जिल्लाहरूमा प्रेस स्वतन्त्रताको पूर्ण कार्यान्वयनमा बाधा पुऱ्याएको छ । सरकार, सञ्चारमाध्यम, र नागरिक समाजको सहकार्यले मात्र यी चुनौतीहरूको समाधान सम्भव छ । प्रेस स्वतन्त्रताको संरक्षणले यी जिल्लाहरूमा

लोकतन्त्र, जवाफदेहीता, र सामाजिक न्यायलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।

**कारागार तथा थुनुवा केन्द्र र बालसुधार गृहको अवस्थाः**

नेपालको संविधानको धारा १६ ले जीवनको अधिकार, धारा २४ ले न्यायिक हिरासतमा रहेका व्यक्तिको अधिकार, र धारा ३९ ले कैदीबन्दीको सम्मानजनक व्यवहारको हक सुनिश्चित गरेको पाइयो । नेपाल कारागार ऐन, २०१९ र बालबालिका ऐन, २०७५ ले थुनुवा र बालमिझ्याइकर्ताको हक संरक्षण गर्ने व्यवस्था गरेको छ भने, ICCPR, Convention Against Torture (CAT), र Convention on the Rights of the Child (CRC) को नेपाल पक्ष राष्ट्र भए पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूले प्रतिपादित गरेका मापदण्डहरू व्यवहारमा पालना नभएको अवस्था छ ।

रूपन्देही, कपिलवस्तु, नवलपरासी (ब.सु.प.), पाल्पा, गुल्मी, र अर्घाखाँचीका कारागारको कैदीबन्दीको कूल क्षमता ७५५ भए पनि तीनगुणा भन्दा बढी कैदीबन्दी राखिएको कारण शौचालय र खानेपानीको व्यवस्था अपर्याप्त रहेको, र मानसिक स्वास्थ्य सेवाको अभाव देखिए, रूपन्देही जिल्लामा महिला कारागार नभएको पाइयो ।

विभिन्न जिल्लाका हिरासत तथा कारागारहरूको अनुगमन गर्दा भौतिक संरचना जीर्ण, क्षमता भन्दा बढी कैदीबन्दी, स्वास्थ्य सेवा अभाव, र मानव अधिकारको जानकारीको कमी देखिएको प्रतिवेदनमा उल्लेख गरिएको पाइयो । विभिन्न कारागार हरूमा बालमिझ्याइकर्तालाई वयस्कसँग राखिएको, र बालमैत्री वातावरण नबनाइएको अवस्था, कैदीबन्दीले कानूनी सहायता नपाएको, अदालतमा उपस्थित गराउँदा हतकडी लगाएर सार्वजनिक अपमान गरिएको गुनासोहरू पाइने गरेको पाइयो । कैदीबन्दीले स्वास्थ्य उपचारको लागि पटक-पटक निवेदन दिए पनि अस्पताल नपठाइएको, औषधि अभाव रहेको, र महिला कैदीका लागि प्रसूति सेवा नहुँदा समस्या भएको, कैदीबन्दीले आफैंले खाना पकाउने, म्याद नाघेका खाद्यपदार्थ प्रयोग गर्नुपर्ने र पसलमा अत्यधिक मूल्यमा सामान किन्नुपर्ने अवस्था देखियो ।

नेपाल प्रहरीको तथ्यांक अनुसार, नेपाल प्रहरीको विभिन्न थुनुवा केन्द्रहरूमा २०८१/८२ मा लुम्बिनी प्रदेशमा ४,२०० भन्दा बढी थुनुवा राखिएको, जसमा १० % महिला र २% बालमिझ्याइकर्ता रहेको देखियो । बालमिझ्याइकर्तालाई बाल सुधार गृहमा पठाउने व्यवस्था भए पनि स्थानीय तहमा सुधार गृहको अभाव देखिएको छ ।

कारागारको अवस्था सुधार गर्न कारागार सुधार नीति कार्यान्वयन, थुनुवा

केन्द्रमा मानव अधिकार प्रशिक्षण, बालमैत्री पूर्वाधार निर्माण, र स्वास्थ्य तथा कानूनी सेवा पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ भने नेपाल सरकारले क्रमिकरूपमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार न्यायिक हिरासतमा रहेका सबै व्यक्तिको सम्मानजनक व्यवहार सुनिश्चित गर्न पहल गर्नुपर्ने देखिन्छ।

**संक्रमणकालीन न्यायको अवस्था**

दश वर्षे सशस्त्र द्वन्द्व समाप्त भएको १८ वर्ष बितिसक्दा पनि द्वन्द्वपीडितहरूले न्याय पाउन सकेका छैनन् भन्ने अवस्था देखिएको छ। विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानले बेपत्ता आयोग तथा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्नुपर्ने व्यवस्था गरे पनि ती आयोगहरूले अपेक्षित कार्य सम्पादन गर्न नसकेको पाइयो। पीडितहरूको यथार्थ लगत तयार नहुनु, राहत तथा क्षतिपूर्ति नपाइनु, र किटानी जाहेरीको अनुसन्धान प्रक्रिया अघि नबढाइनुले संक्रमणकालीन न्यायको प्रक्रिया अधुरो रहेको देखियो। गम्भीर मानव अधिकार उल्लङ्घनमा संलग्न व्यक्तिहरूलाई कानूनी दायरामा ल्याउन नसक्दा दण्डहीनता कायम भएको पाइयो। संक्रमणकालीन न्यायसम्बन्धी ऐनलाई सर्वोच्च अदालतको फैसला तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार संशोधन गरी आयोगहरूलाई स्रोत, साधन र अधिकार सम्पन्न बनाइनुपर्ने माग नागरिक तथा पीडितहरूबाट गरिएको पाइयो।

काठमाडौंमा द्वन्द्वपीडितहरूले निरन्तर प्रदर्शन तथा धर्ना जारी राखेको, विधेयकलाई अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुकूल बनाउन माग गरिएको, र आममाफीसम्बन्धी प्रावधानमा विवाद कायमै रहेको देखियो। संयुक्त राष्ट्रसंघ तथा एम्नेस्टी इन्टरनेसनलले संक्रमणकालीन न्यायलाई मानव अधिकारका मुलभूत मूल्यमान्यता तथा अन्तर्राष्ट्रिय अभ्यासलाई ध्यानमा राखी निष्कर्षमा पुऱ्याउन आग्रह गरेका छन्।

राजनीतिक दलहरूले विधेयक संशोधनलाई प्राथमिकता नदिएको, भागबण्डा संस्कृतिको प्रश्रय दिइएको, र जिम्मेवार निकायहरूबाट संक्रमणकालीन न्यायप्रति गम्भीरता नदेखिएको अवस्था आयोगको अनुगमन तथा अन्तरक्रियाबाट पुष्टि गरिएको पाइयो। नागरिकहरूले संविधानमा उल्लेख गरिएका मानव अधिकार मैत्री व्यवस्थाहरू तत्काल कार्यान्वयन गर्नुपर्ने माग बारम्बार गरेका छन्। संक्रमणकालीन न्यायको सिद्धान्तअनुसार संरचनागत त्रुटि हटाई सुधार गर्नुपर्ने भए पनि व्यवहारमा सकारात्मक प्रभाव देखिएको छैन।

## महिला अधिकार र ग्ल च्भकयगितष्यल १३२५ र १८२० को कार्यान्वयन

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले महिलाहरूको शान्ति र सुरक्षा क्षेत्रमा भूमिका मजबुत बनाउन प्रस्ताव १३२५ (२०००) र १८२० (२००८) पारित गऱ्यो। यी प्रस्तावहरूले द्वन्द्वमा लैङ्गिक हिंसालाई युद्ध अपराधको रूपमा मान्यता दिन्छन् र महिलाहरूको सहभागिता सुनिश्चित गर्छन्। नेपालले यी प्रस्तावहरूलाई राष्ट्रिय नीतिमा समावेश गर्दै महिला अधिकारलाई संवैधानिक आधार दिन्छ । अन्तर्राष्ट्रिय रूपमा नेपालले CEDAW जस्ता सन्धिहरू अनुमोदन गरेको छ । लुम्बिनी प्रदेशका रूपन्देही, कपिलवस्तु, नवलपरासी (पश्चिम), पाल्पा, गुल्मी र अर्घाखाँची जिल्लाहरूमा आर्थिक वर्ष २०८१/८२ (२०२४ जनवरी-डिसेम्बरसम्मको डाटा आधारित) मा महिला हिंसाका घटनाहरू बढेका छन् । यो विश्लेषणले उपलब्ध तथ्याङ्कहरू प्रयोग गरी यी कानूनहरूको प्रभावकारिता मूल्याङ्कन गर्छ ।

संयुक्त राष्ट्र सुरक्षा परिषद्ले २००० अक्टोबरमा प्रस्ताव १३२५ पारित गरी महिलाहरूको शान्ति निर्माणमा समान सहभागिता सुनिश्चित गऱ्यो। यो प्रस्तावले द्वन्द्व प्रभावित महिलाहरूको संरक्षण, लैङ्गिक हिंसाबाट मुक्ति र शान्ति प्रक्रियामा महिलाहरूको भूमिका जोड दियो। यसले द्वन्द्व रोकथाम, शान्ति निर्माण र पुनर्स्थापनामा महिलाहरूको नेतृत्वलाई प्राथमिकता दिन्छ । नेपाल जस्तो द्वन्द्वपछि शान्ति प्रक्रिया सम्पन्न देशमा यो प्रस्तावले राष्ट्रिय कार्ययोजना (NAP १३२५) मार्फत कार्यान्वयन हुन्छ, जसले महिलाहरूको राजनीतिक सहभागिता बढाउँछ ।

प्रस्ताव १८२० ले २००८ मा यौन हिंसालाई द्वन्द्वको हतियारको रूपमा परिभाषित गऱ्यो । यसले यौन हिंसाका पीडितहरूको न्याय, पुनर्वास र रोकथाममा जोड दियो। यो प्रस्तावले अन्तर्राष्ट्रिय आपराधिक अदालतमा यौन अपराधहरूलाई युद्ध अपराधको रूपमा मुद्दा चलाउन प्रोत्साहन गर्छ । नेपालमा यो प्रस्तावले सशस्त्र द्वन्द्वकालीन यौन हिंसाका पीडितहरूको क्षतिपूर्ति प्रक्रियालाई प्रभावित गर्छ, तर कार्यान्वयनमा चुनौतीहरू छन् । यी प्रस्तावहरूले महिला अधिकारलाई अन्तर्राष्ट्रिय शान्तिसँग जोड्छन्, जसले नेपाल जस्ता देशहरूलाई लैङ्गिक संवेदनशील नीति निर्माण गर्न बाध्य बनाउँछन् ।

नेपालको संविधान २०७२ ले धारा १८ मार्फत लैङ्गिक आधारमा भेदभाव निषेध गर्छ र धारा ३८ ले महिलाको मौलिक अधिकार सुनिश्चित गर्छ । यसले सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र शिक्षा अधिकार प्रदान गर्छ । घरेलु हिंसा (निवारण तथा नियन्त्रण) ऐन २०६६ ले हिंसाका पीडितहरूलाई संरक्षण, परामर्श र कानुनी सहायता दिन्छ । यस ऐनले पीडकहरूलाई सजाय र पीडितहरूलाई क्षतिपूर्ति सुनिश्चित गर्छ ।

मुलुकी देवानी संहिता २०७४ ले दाइजो हिंसा र बहुविवाहलाई अपराध ठहराउँछ। श्रम ऐन २०७४ ले रोजगारीमा लैङ्गिक भेदभाव रोक्छ। राष्ट्रिय महिला आयोग ऐन २०५८ ले आयोगलाई हिंसा अनुगमन र सिफारिस गर्ने अधिकार दिन्छ। यी कानूनहरूले महिला सशक्तीकरणलाई प्राथमिकता दिन्छन्, तर ग्रामीण क्षेत्रमा कार्यान्वयन कमजोर छ। उदाहरणस्वरूप, लुम्बिनी प्रदेशमा घरेलु हिंसाका अधिकांश मुद्दाहरू मध्यस्थतामा टुङ्गिन्छन्, जसले पीडकहरूलाई पूर्ण न्यायबाट उन्मुक्ति दिन्छ। नेपालले यी कानूनहरूलाई संयुक्त राष्ट्र संघको प्रस्तावहरूसँग जोडेर राष्ट्रिय कार्ययोजना निर्माण गरेको छ, तर बजेट अभाव र सामाजिक पूर्वाग्रहले प्रभावकारिता घटाउँछ।

नेपालले १९९१ अप्रिलमा महिलाविरूद्ध सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW) अनुमोदन गऱ्यो। यो सन्धिले लैङ्गिक समानता, हिंसा रोकथाम र महिलाको आर्थिक-सामाजिक अधिकार सुनिश्चित गर्छ। नेपालले यसलाई आरक्षणरहित रूपमा स्वीकार गरेको छ, जसले राष्ट्रिय कानूनहरूसँग सामंजस्यता ल्याउँछ।

अन्तर्राष्ट्रिय श्रम सँगठनको महासन्धि नम्बर १०० (सम्पूर्ण रोजगारीमा समान पारिश्रमिक) र १११ (रोजगारीमा भेदभाव निषेध) लाई नेपालले अनुमोदन गरेको छ। यी सन्धिहरूले महिलाहरूको आर्थिक सशक्तीकरणलाई मजबुत बनाउँछन्। संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य (SDG ५) ले लुम्बिनी जस्ता प्रदेशहरूमा हिंसा रोकथामलाई प्राथमिकता दिन्छ। नेपालले यी अन्तर्राष्ट्रिय दायित्वहरूलाई राष्ट्रिय योजनामा समावेश घरेलुकरण गरिकएको भए पनि प्रतिवेदनहरूमा कार्यान्वयन कमी देखिन्छ। CEDAW समितिले नेपाललाई नागरिकता ऐन संशोधन गरी आमाको नामबाट नेपाली नागरिकताको प्रमाणपत्र प्रदान सिफारिस गरेको छ।

INSEC को २०२५ मानव अधिकार वर्ष पुस्तकअनुसार जनवरी-डिसेम्बर २०२४ मा यस कार्यालयको क्षेत्राधिकारका जिल्लाहरूमा १,३९७ महिला हिंसाका घटना दर्ता भएको थियो, जसमध्ये १,१८७ घरेलु हिंसा, ६१ बलात्कार र १० चेली बेचबिखनमा परेका थिए। सम्पूर्ण मानव अधिकार उल्लंघनका घटनाहरूमा घरेलु हिंसाले ८५% र कानूनी प्रक्रियामा नपुगी मध्यस्थताको माध्यममा टुङ्ग्याइने भएको अवस्थाले न्यायिक निरूपणको अवस्था फितलो छ।

नेपाल प्रहरीको वार्षिक तथ्यांक अनुसार, लैङ्गिक हिंसाका घटनाहरूमा ७८.३% घरेलु हिंसा रहेको, पीडितमध्ये अधिकांश महिला तथा किशोरी रहेको, र आरोपीहरूमा पुरूषको संख्या उच्च रहेको देखियो।

**लुम्बिनी प्रदेशका क्षेत्राधिकारका जिल्लाहरूको तथ्याङ्क(श्रोत नेपाल प्रहरी)**

| जिल्ला | कुल पीडित (सबै महिला) | घरेलु हिंसा | बलात्कार/ समूह बलात्कार | अन्य (बेचबिखन, जादुटोना, हत्या) | मध्यस्थता/ कानुनी कारबाही |
|---|---|---|---|---|---|
| रूपन्देही | ७०२ | ६५८ | ३२ (४ समूह) | ७ (५ बेचबिखन, २ हत्या) | ६४० मध्यस्थता, ९ कानुनी |
| कपिलवस्तु | ४७६ | ४५७ | १६ (५ प्रयास) | ३ (२ बेचबिखन, १ साइबर) | ४५३ मध्यस्थता, १४ कानुनी |
| नवलपरासी (पश्चिम) | ९१ | ७४ | ९ (१ समूह) | ८ (२ बेचबिखन, ३ हत्या, १ जादुटोना) | ६३ मध्यस्थता, १६ कानुनी |
| पाल्पा | ४८ | ४३ | ४ | १ (जादुटोना) | ३५ मध्यस्थता, २ कानुनी |
| गुल्मी | ५२ | ४५ | ६ | १ (यौन दुर्व्यवहार) | ३९ मध्यस्थता, ७ कानुनी |
| अर्घाखाँची | २८ | २४ | ४ | शून्य | १७ मध्यस्थता, ४ कानुनी |
| कुल | १३९७ | ११८७ | ७१ | २० | ११८७ मध्यस्थता, ५२ कानुनी |

रूपन्देहीमा घटना सबैभन्दा बढी छ, जसमा दाइजो हिंसा र पारिवारिक हत्याले संरक्षण कानूनको असफलता देखाउँछ । कपिलवस्तुमा साइबर अपराध नयाँ चुनौती हो । नवलपरासीमा बेचबिखन जोखिम बढाउँछ । पाल्पा र गुल्मीमा जादुटोना र नाबालिग बलात्कारका घटनाहरूले सामाजिक अन्धविश्वासलाई उजागर गर्छन्। अर्घाखाँचीमा महिला हिंसाका घटनाहरू सूचना छ, तर अनुसन्धान कार्य कानून अनुसार टुङ्गिएका छैनन्। नेपालका कानूनहरूले मध्यस्थता प्रोत्साहन गर्छन्, तर CEDAW ले पूर्ण न्याय माग्छ । तथ्याङ्कले कूल पीडितहरूको ८०% मध्यस्थतामा सीमित गरेको छ यसले भविष्यमा घटनाको पुनरावृत्ति हुने अवस्था सृजना गर्दछ । प्रदेश सरकारले महिला सेवा केन्द्रहरू विस्तार गरेको छ, तर विनियोजित बजेट मध्ये आर्थिक वर्ष २०८१/८२ मा २२% मात्र खर्च भएको छ ।

संयुक्त राष्ट्र प्रस्ताव १३२५ र १८२० ले महिला अधिकारलाई शान्तिसँग जोड्छन्, जसलाई नेपालका संवैधानिक र अन्तर्राष्ट्रिय कानूनहरूले मजबुत बनाउँछन् । तर लुम्बिनीका छ जिल्लाहरूमा २०८१/८२ मा १,३९७ घटनाहरूले कार्यान्वयनको कमी देखाउँछन् । सरकारले मध्यस्थता घटाई कानुनी कारबाही बढाउनुपर्छ।

प्रदेश सरकारबाट महिला शान्ति र सुरक्षा कार्ययोजना स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन नगरिएको, महिला लक्षित बजेट विनियोजन भए पनि खर्चको पारदर्शिता नदेखिएको, र पीडित सहायता कोषको पहुँच सीमित रहेको देखियो । स्थानीय तहबाट महिला हिंसा विरूद्धको कार्यक्रम सञ्चालन भए पनि सामुदायिक सहभागिता, पुनःस्थापनाको व्यवस्था, र कानूनी सहायता प्रभावकारी रूपमा नपुगेको अवस्था देखियो ।

संघीय सरकारले संविधानको धारा ३८ अनुसार महिला अधिकार सुनिश्चित गर्नुपर्ने भए पनि दण्डहीनता, कानूनी ढिलाइ, र संरचनागत कमजोरी को कारण महिलाहरू न्यायबाट वञ्चित भएको देखियो । अन्तर्राष्ट्रिय सन्धि अनुसार CEDAW, ICCPR, र UNSCR १३२५/१८२० को कार्यान्वयनमा नेपालले प्रतिबद्धता जनाएको भए पनि स्थानीय स्तरमा अनुगमन, मूल्याङ्कन, र सुधारको प्रक्रिया कमजोर रहेको पाइयो । महिला अधिकारको अवस्था सुधार गर्न बहु-स्तरीय समन्वय, बजेट पारदर्शिता, कानूनी सहायता, र सामाजिक चेतना अभिवृद्धि आवश्यक देखियो । महिला शान्ति र सुरक्षा सुनिश्चित गर्न १३२५ र १८२० को मर्म अनुसार स्थानीय तहमा कार्यान्वयन सुदृढ गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार उपभोगको अवस्था

### स्वास्थ्यको अधिकार

स्वास्थ्यको अधिकारलाई अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी दस्तावेजहरूले मौलिक मानव अधिकारको रूपमा स्वीकार गरेका छन् । यसको कार्यान्वयन सुनिश्चित गर्ने दायित्व राज्यको हो । संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले सन् २००० मा जारी गरेको टिप्पणी नं १४ मा स्वास्थ्य अधिकारलाई चार आयाममा मूल्याङ्कन गर्ने मार्गदर्शन दिएको छ (जसलाई '३ AQ' पनि भनिन्छ)ः

- उपलब्धता (Availability),
- पहुँच (Accessibility),
- स्वीकार्यता (Acceptability), र
- गुणस्तर (Quality) ।

यसैगरी, स्वास्थ्यको अधिकार राज्यको आधारभूत न्यूनतम दायित्व (Core Minimum Obligation) भित्र पर्ने भएकाले यसको कार्यान्वयनमा आर्थिक अवस्था वा स्रोतको अभाव असान्दर्भिक हुने भनी न्यायपालिकाले समेत स्पष्ट पारेको छ ।

स्वास्थ्य सम्बन्धी हक संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३५ मा उल्लेख गरिएको छ । आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवामा पहुँचको सन्दर्भमा नेपालको संविधानले प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा पाउने मौलिक हकको सुनिश्चितता गरेको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ ले "प्रत्येक पालिकामा कम्तीमा एउटा स्वास्थ्य संस्था" भन्ने अवधारणाको व्यवस्था साथै खोप, मातृशिशु तथा बाल स्वास्थ्य, नसर्ने रोग, सरूवा रोग, मानसिक स्वास्थ्य लगायतका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेको छ । जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम ४(२) अनुसार आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पतालहरूले सामान्य आकस्मिक अवस्थाका लागि आवश्यक स्वास्थ्य सेवाहरू उपलब्ध गराउने व्यवस्था गरेको छ । अनुगमनको क्रममा अधिकांश पालिकाहरूमा आधारभूत स्वास्थ्य सेवाहरू (खोप, परिवार नियोजन, सुरक्षित मातृत्व) उपलब्ध भएता पनि प्रभावकारी रूपमा कार्यान्वयन नभएको देखिन्छ । अनुगमन गरिएका अधिकांश पालिकाहरूमा एक चिकित्सकसहितको प्राथमिक अस्पताल र ५ देखि १५ शैयाका आधारभूत अस्पताल नभएको र कतिपय स्थानमा अस्पताल निर्माण भएको तर सञ्चालनमा नआएको हुँदा जनस्वास्थ्य सेवा ऐन, २०७५ ले व्यवस्था गरे बमोजिमको "प्रत्येक पालिकामा कम्तीमा एउटा स्वास्थ्य संस्था" भन्ने अवधारणा व्यवहारमा कार्यान्वयन नभएको हुँदा नागरिकहरूले समयमै आवश्यक आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्न पाउने अधिकारबाट वञ्चित भएको देखिन्छ ।

विशेषज्ञ सेवाको उपलब्धता र रेफरल प्रणालीको सन्दर्भमा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ५(२) अनुसार प्रदेश सरकारले संघीय कानूनबमोजिम विशेषज्ञ सेवा उपलब्ध गराउनुपर्नेछ । साथै, दफा ६(१) ले स्वास्थ्य संस्थाले उपचार सम्भव नभएमा बिरामीलाई तुरून्तै अन्यत्र रेफर गर्नुपर्ने व्यवस्था गरेको छ । अनुगमन गरिएका अधिकांश पालिकाहरूमा अपाङ्गता तथा मनोसामाजिक बिरामीका लागि पुनर्स्थापना कार्यक्रम सञ्चालन नभएको र आङ खस्ने रोगको निःशुल्क शल्यक्रिया वा उपचार सेवाको अभाव रहेको देखिन्छ । विशेषज्ञ सेवा उपलब्ध गराउने संवैधानिक तथा

कानुनी दायित्व भएता पनि प्रदेश तथा स्थानीय तहमा मानसिक स्वास्थ्य, पुनर्स्थापना र केही विशिष्टीकृत शल्यक्रिया सेवाहरूको अभावले नागरिकहरूलाई आवश्यक विशेषज्ञ सेवामा पहुँचबाट वञ्चित हुनु परेको देखिन्छ । साथै, रेफरल प्रणालीको कार्यान्वयन प्रभावकारी नरहेको देखिन्छ ।

स्वास्थ्य जनशक्ति व्यवस्थापनको सन्दर्भमा नेपाल सरकारले नपोल स्वास्थ्य क्षेत्र रणनीतिक योजना (२०७९/८०- २०८७/८८) ले दक्ष र सीपयुक्त स्वास्थ्य जनशक्तिको उत्पादन र परिचालनलाई स्वास्थ्य प्रणालीको दक्षता र उत्तरदायित्व अभिवृद्धि गर्ने उद्देश्य रहेकोमा अनुगमन गरिएका अधिकांश पालिकाहरूमा चिकित्सकको अभाव देखिन्छ । एक पालिका एक अस्पताल अभियान अन्तर्गत जिल्लाका विभिन्न स्थानीय तहमा भवन निर्माण सम्पन्न भए पनि सञ्चालन हुन सकेको छैन भने केही स्थानीय तहमा अस्पताल निर्माण सम्पन्न नै भएको छैन । ग्रामीण नागरिकलाई सर्वसुलभ स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यले निर्माण थालिएका ती अस्पताल सञ्चालनमा नआएको मुख्य आवश्यक जनशक्तिको उपलब्धता नहुनु देखिन्छ । दक्ष चिकित्सकहरूको अभावले नागरिकहरू आधारभुत स्वास्थ्य सेवा उपभोग गर्नबाट वञ्चित भएको देखिन्छ ।

औषधिको उपलब्धता र गुणस्तरको सन्दर्भमा अनुगमन गरिएका पालिकाहरूले सरकारले तोकेका ९८ प्रकारका औषधिहरू निःशुल्क उपलब्ध रहेतापनि समयमै औषधिको आपूर्ति नहुने तथा औषधिको भन्डारणमा समस्या देखिन्छ । निःशुल्क वितरण गरिने औषधिको गुणस्तरलाई नियमन गर्ने र गुणस्तर सुनिश्चित गर्ने संयन्त्र नरहेको देखिन्छ । यसर्थ, निःशुल्क औषधिको उपलब्धता रहेता पनि त्यसको गुणस्तर सुनिश्चित गर्ने समन्वय नरहेको हुँदा नागरिकको गुणस्तरीय औषधि प्राप्त गर्ने अधिकार सुनिश्चित नभएको देखिन्छ ।

स्वास्थ्य क्षेत्र रणनीतिक योजना (२०७९/८०- २०८७/८८) ले स्वास्थ्य प्रणालीमा सुशासन, नेतृत्व र जवाफदेहीता अभिवृद्धि गर्न समुदायको सहभागिता, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो सम्बोधन संयन्त्र र नैतिक आचरणमा सुधारलाई प्राथमिकता दिएको छ । अनुगमनको क्रममा पाल्पाको तानसेन, रूपन्देहीको ओमसतिया र कपिलवस्तुको बाणगंगा, नवलपरासी (ब.सु.प.) को रामग्रामजस्ता पालिकाहरूले गुनासो सम्बोधन संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो पत्र) सञ्चालनमा रहेको देखिन्छ । अधिकांश पालिकामा स्वास्थ्य कोषको व्यवस्थापन नभएको हुँदा बजेटको उचित परिचालन हुन नसकेको देखिन्छ ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४७(१) ले महिला, बालबालिका,

किशोरकिशोरी, दलितलगायतका लक्षित समूहका लागि विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तह र प्रदेश सरकारलाई जिम्मेवारी दिएको छ ।अनुगमन गरिएका अधिकांश पालिकामा मातृ तथा बाल स्वास्थ्य सेवा र ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरू सञ्चालन भएको देखिन्छ । तर, किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम तथा अपाङ्गता भएका र मनोसामाजिक बिरामीका लागि पुनर्स्थापना कार्यक्रमहरू सञ्चालन नरहेको हुँदा लक्षित समूहका नागरिकहरू विशेष सामाजिक स्वास्थ्य सुरक्षाबाट वञ्चित भएको देखिन्छ ।

स्वास्थ्य क्षेत्र रणनीतिक योजनाले स्वास्थ्य सूचना प्रणाली प्रविधिमैत्री बनाउने व्यवस्था गरेकोमा अनुगमन गरिएका प्रायः पालिकाहरूले सेवा उपयोग र उपलब्धताको तथ्याङ्क राख्न DHIS@ र ELMIS प्रणाली प्रयोग गरेको तथा केही पालिकामा बेसिक हेल्थ सर्भिस मनिटरिङ सिस्टम (BHSMS) प्रयोगमा नआएको देखिन्छ । प्रविधिमा आधारित सूचना प्रणालीको प्रयोग बढेको भएता पनि, केही पालिकाहरूमा अझै एकीकृत र व्यवस्थित अनुगमन प्रणालीको अभाव देखिन्छ ।

आधारभूत स्वास्थ्य सेवाहरू सामान्यतया अधिकांश स्थानीय तहमा उपलब्ध र सन्तोषजनक रूपमा सञ्चालनमा रहेको छ । यसअन्तर्गत खोप सेवा, परिवार नियोजन, सुरक्षित मातृत्व कार्यक्रम, यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी कानुनी सचेतना, बालरोग व्यवस्थापन, तथा निःशुल्क औषधि वितरण समावेश छन् । सबै पालिकामा ९३% देखि १००% बालबालिकाले पूर्ण खोप पाएको तथ्याङ्क अनुसार खोपको कवरेज प्रभावकारी रहेको देखिन्छ । साथै, लैङ्गिक हिंसाविरूद्धको संरचित पहलस्वरूप सबै अनुगमन गरिएका जिल्लाका जिल्ला अस्पतालहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) स्थापना भएको देखिन्छ। औषधि आपूर्ति व्यवस्थापन र तथ्याङ्क अनुगमनका लागि DHIS2 र ELMIS जस्ता डिजिटल प्रणालीको प्रयोगले सेवाको उपलब्धता कायम रहेको देखिन्छ।

यद्यपि, ग्रामीण स्थानीय तहहरूमा ५-१५ शैयासहितका अस्पताल पूर्णरूपमा सञ्चालनमा नहुनु र चिकित्सकहरूको अभावले नागरिकको आधारभूत स्वास्थ्य सेवाको उपभोगमा असर परेको देखिन्छ। कतिपय स्थानमा अस्पतालको भवन निर्माण भएतापनि जनशक्ति नहुँदा सेवा सञ्चालन हुन नसकेको छ । साथै, अपाङ्गता भएका व्यक्ति तथा मानसिक रोगीहरूका लागि पुनःस्थापना कार्यक्रमको अभाव र पाठेघर खस्ने रोग (Uterine Prolapse) को निःशुल्क शल्यक्रिया उपचार अधिकांश स्थानीय तहमा नहुनु संवैधानिक स्वास्थ्य अधिकारको पूर्ण रूपमा कार्यान्वयन नभएको देखिन्छ ।

त्यस्तै, शहरी क्षेत्रमा सेवा अपेक्षाकृत राम्रो भएता पनि ग्रामीण क्षेत्रमा पहुँच र गुणस्तर दुवै न्यून रहेको हुँदा पालिका-पालिका बीच सेवाको असमानता देखिन्छ । नागरिकहरू अझै पनि उच्च व्यक्तिगत खर्च (out–of–pocket expenditure) मार्फत उपचार लिन बाध्य देखिन्छ । अधिकांश पालिकाहरूले आफ्नो कुल बजेटको केवल १% मात्र स्वास्थ्य क्षेत्रमा विनियोजन गर्ने, स्वास्थ्य कोषको व्यवस्था नगर्ने वा पारदर्शी रिपोर्टिङ नगर्ने अवस्थाले वित्तीय व्यवस्थापनमा गम्भीर समस्या देखिन्छ । साथै, निःशुल्क औषधि पूर्ण रूपमा उपलब्ध नहुनु, स्थानीयस्तरमा उत्पादन हुने औषधिको गुणस्तर सुनिश्चित नहुनु, तथा पोषणयुक्त खाद्य मानक स्थापित नहुनु जस्ता प्रमुख समस्याहरू देखिन्छन्।

समग्रमा, लुम्बिनी प्रदेशमा स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि आधारभूत स्वास्थ्य सेवाको पहुँच, मातृशिशु तथा बाल स्वास्थ्य, खोप र परिवार नियोजनका क्षेत्रमा सकारात्मक प्रगति भएता पनि, आधारभूत अस्पताल, विशेषज्ञ सेवा (विशेष गरी मानसिक स्वास्थ्य र पुनर्स्थापना), दक्ष जनशक्ति, औषधिको पूर्ण उपलब्धता तथा गुणस्तर, वित्तीय लगानी र सुशासन जस्ता महत्त्वपूर्ण पक्षहरू प्रभावकारी रूपमा कार्यान्वयन नभएको देखिन्छ । अतः राज्यले आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गरेतापनि, गुणस्तरीय, समावेशी र विशेषज्ञ सेवाहरूको उपलब्धता सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा स्रोतको पर्याप्त विनियोजन र प्रभावकारी व्यवस्थापनका लागि आवश्यक कार्य गर्न र स्वास्थ्य अधिकारको पूर्ण उपभोगको प्रत्याभूति गर्न AAAQ सूचकहरू र 'सम्मान, संरक्षण, परिपूर्ति' (Respect, Protect, Fulfill) दायित्वको पूर्ण कार्यान्वयनमा जोड दिन तथा देखिएका कमीहरूलाई तत्काल सम्बोधन गर्न आवश्यक देखिन्छ ।

## शिक्षाको अधिकार

शिक्षा नैसर्गिक अधिकार हो, जसबाट कोही पनि वञ्चित हुनु हुँदैन। नेपालको संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने व्यवस्था छ । पहुँच बढे पनि करिब २६% गरिबी र सामाजिक संस्कारका कारण सबै बालबालिका विद्यालय पुग्न सकेका छैनन्। विद्यालय छोड्नेको दर अझै उच्च छ । नयाँ संरचनाअनुसार शिक्षा स्थानीय तहको जिम्मामा पुगेपछि उनीहरूले शैक्षिक योजना बनाई पहुँच, समावेशिता, मातृभाषा, संस्कृति संरक्षण, रोजगारीसँग जोड्ने, व्यवहारिक, वैज्ञानिक र बालसुरक्षा सुनिश्चित गर्ने कार्यहरू समावेश गरिएको छ । दलित, अपांग र विपन्नलाई उच्च

शिक्षासम्म निःशुल्क अवसर, निजी-सार्वजनिक शिक्षालाई समकक्षी बनाउने, आजीवन शिक्षा सुनिश्चित गर्ने, गुणस्तर कायम गर्ने र विद्यालय अनुगमन गर्ने योजनाहरू बनेता पनि कार्यान्वयनका लागि पर्याप्त स्रोत र इच्छाशक्ति अभाव रहेको छ ।

शिक्षामा पहुँच बढे पनि गुणस्तरीय शिक्षा चुनौती बनेको छ । सामुदायिक विद्यालयको गुणस्तर खस्किँदो छ भने निजी विद्यालय महँगो रहेका छन् । किशोरीहरूमा विद्यालय छोड्ने दर उच्च छ ।२०७८ को जनगणना अनुसार लुम्बिनी प्रदेशको साक्षरता दर (५ वर्ष+) ७६.३% (२०११ मा ६५.९%), पुरूषको ८३.६%, महिलाको ६९.४% भने अर्को अध्ययन अनुसार (NLSS २०२२/२३) अनुसार ७७.४% रहेको छ ।राष्ट्रियस्तरमा १५ वर्ष+ साक्षरता दर ७१.१५% छ भने लुम्बिनी प्रदेशमा ७८.०८% (पुरूष ८५.२%, महिला ७१.७%) रहेको पाइन्छ ।

लुम्बिनी प्रदेशका १०९ पालिकामध्ये ९५ ले शिक्षा ऐन/नियमावली बनाएका छन्, १४ ले बनाएका छैनन् (कपिलवस्तु-२, रूपन्देही-१, गुल्मी-३, पाल्पा-२, प्युठान-१, रोल्पा-२, पूर्वी रूकुम-२, बाँके-१)।जिल्लागत साक्षरता दर (५ वर्ष+) को विश्लेषण गर्दा अर्घाखाँचीको ८०.०७%, गुल्मीको ८०.४३%, पाल्पाको ८३.६९% (राष्ट्रिय स्तरमै उच्च, २०१४ मा “पूर्ण साक्षर”), रूपन्देहीको ८१.२३% (समृद्ध जिल्ला), नवलपरासी पश्चिमको ७७.९७%, कपिलवस्तुको ७१.८२% (सबैभन्दा कम, सुधार आवश्यक) रहेको पाइन्छ ।

अर्को उल्लेख गर्नै पर्ने विषय विद्यालय दिवा खाजा कार्यक्रम रहेको छ । नेपाल सरकारले आ.व. २०७७/७८ देखि देशभरका सामुदायिक विद्यालयका बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउदै आएको छ । यसको उद्देश्य विद्यार्थीको पोषणस्तर सुधार गर्नु र विद्यालय उपस्थिति बढाउनु हो । यसले विशेष गरी गरिब र दुर्गमक्षेत्रका बालबालिकाको स्वास्थ्य सुधारका (दैनिक आवश्यताको ३० प्रतिशत पोषण) ल्याई कुपोषणबाट पीडित विद्यार्थीको शारीरिक तथा मानसिक विकासलाई सहयोग पुग्न गई विद्यालयमा उपस्थिति बढाउने उद्देश्य अनुरूप कार्यान्वयन भएको पाइन्छ । दिवाखाजा कार्यक्रमले भोकै विद्यालय आएका बालबालिकाहरूको लागि वरदान भएको, विद्यालय भर्ना दरमा वृद्धि भएको, विद्यार्थीहरूमा समावेशी भावनाको विकास भएको, स्थानीय तहमा बजेट उपलब्ध भएको, स्थानीय ६० प्रकारका उत्पादन सहितको खाजाको मापदण्ड निर्माण भएको जस्ता सकारात्मक उपलब्धिहरू भएतापनि रू. १५ अत्यन्त न्यून भएको, दिवाखाजा कार्यक्रमले पकाउने इन्धन, भाँडाकुँडाको लागि रकम विनियोजन, पकाउने जनशक्तिको

लागि पारिश्रमिक, सरसफाइ तथा गुणस्तरमा सम्झौता, खाजाको मापदण्ड वस्तुपरक नभएको तथा धेरै विद्यार्थीहुने कालिका मानवज्ञान उच्चमावि बुटवल, शान्ति नमुना मा.वि. तिलोत्तमा रूपन्देही जस्ता विद्यालयमा कार्यान्वयन गर्न कठिनाइ भएकोले विद्यार्थीहरूलाई मासिक रकम नै वितरण गर्ने गरिएको पाइयो ।

लुम्बिनी प्रदेशको साक्षरता दर राष्ट्रिय औसतभन्दा माथि भए पनि जिल्लागत असमानता र लैंगिक भिन्नता कायम छ। पाल्पा र रूपन्देही उत्कृष्ट छन् भने कपिलवस्तु कमजोर रहेको र ग्रामीण क्षेत्रमा शैक्षिक पहुँच विस्तार र गुणस्तर सुधार अझै चुनौती बनेको पाइयो ।

**सहकारी ठगी र वित्तीय अपराधः**

विगत एक वर्षमा सहकारी संस्थाहरूमा बचतकर्ताहरूको अर्बौं रूपैयाँ डुबेको घटना प्रमुख राष्ट्रिय विषय बनेको छ । हजारौं नागरिक आफ्नो जीवनभरको कमाइ गुमाएर न्यायका लागि सडकमा आउन बाध्य भएका छन् । यस घटनाले राज्यको कमजोर नियमन र अनुगमन प्रणालीलाई उदांगो पारेको छ (सेतोपाटी, २०८०-८१ का विभिन्न अंकहरू)। यस प्रकरणमा उच्च राजनीतिक तहका व्यक्तिहरूको संलग्नताको आरोपले सुशासन र दण्डहीनताको विषयलाई थप जटिल बनाएको छ ।

अनुचित लेनदेन (मिटरब्याज) बाट पीडित सयौं नागरिकले न्यायको माग गर्दै तराईका जिल्लाहरूबाट काठमाडौंसम्म लामो पदयात्रा गरे । सरकारले मिटरब्याजलाई अपराध मान्ने कानून बनाएतापनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा पीडितहरूले अझै पनि धम्की र असुरक्षा भोगिरहेका छन् । यसले गरिब र विपन्न नागरिकको न्यायमा पहुँच कमजोर रहेको देखिन्छ ।

**वैदेशिक रोजगार तथा आप्रवासी कामदार र मानव बेचविखन**

वैदेशिक रोजगारीमा जाने युवाहरू ठगिने, सम्झौताअनुसार काम र तलब नपाउने, र मृत्यु हुने क्रम नरोकिएको तथ्य पाइयो। केही देशसँग श्रम सम्झौता गरिएतापनि कार्यान्वयन र अनुगमन कमजोर रहेको हुँदा आप्रवासी कामदारको अधिकार सुरक्षित हुन नसकेको पाइयो । नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारीबाट विप्रेषणमार्फत ठूलो योगदान पुऱ्याइएको पाइयो । विश्व बैंकका अनुसार, सन् २०१८ मा विप्रेषणले GDP को २८% अर्थात् करिब ४ अर्ब अमेरिकी डलर योगदान पुऱ्याएको हुँदा परिवारको जीवनस्तर सुधार र आर्थिक स्थिरता कायम गर्न सहयोग पुऱ्याएको देखियो ।

लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीबाट आर्थिक योगदान पुगेको तर महिला कामदारहरूले स्वास्थ्य, श्रम शोषण, र वैदेशिक रोजगारीका लागि जाँदा अत्यधिक शुल्क तिर्नु पर्ने जस्ता चुनौतीहरू रहेको पाइयो । आ.व. २०७९/८० देखि २०८१/८२ सम्म श्रम स्वीकृतिमा वृद्धि भएको पाइयो । उदाहरणका लागि, आ.व. २०८१/८२ मा कुल ८६,९८७ श्रम स्वीकृतिहरू मध्ये ७९,७७० पुरूष र ७,२१७ महिला रहेको पाइयो । महिलाहरूको सहभागिता करिब ८.३% रहेको हुँदा राष्ट्रिय औसतभन्दा कम रहेको पाइयो । वैदेशिक रोजगार विभागका अनुसार, आ.व. २०८१/८२ मा ७४१,२९७ नेपाली कामदार विदेश गएका थिए, जसमध्ये ६६१,००० पुरूष र ८०,१७२ महिला रहेको पाइयो । महिलाहरूको सहभागिता करिब १०.८% रहेको देखियो । प्रमुख गन्तव्य देशहरूमा मलेसिया, कतार, यूएई, साउदी अरब, र भारत परेको पाइयो ।

स्वास्थ्य समस्याहरूमा ४२% कामदारले ज्वरो र २५% ले मानसिक तनावको सामना गरेको पाइयो । अमनेस्टी इन्टरनेसनलको सर्वेक्षण अनुसार, मलेसियामा ८८% कामदारले भर्ती एजेन्टलाई शुल्क तिरेको पाइयो । महिलाहरूले यौन शोषण, घरेलु काममा कैद, र कानूनी संरक्षणको अभावको सामना गरेको देखियो । गैरकानूनी बाटोबाट विदेश जाने क्रममा मानव तस्करीको सिकार भएको पाइयो । COVID-१९ को समयमा क्वारेन्टाइन, खाद्य अभाव, र सीमामा लामो समय कुर्नुपर्ने समस्याहरूको सामना गरिएको पाइयो ।

नेपाल सरकारले वैदेशिक रोजगार ऐन, २०६४ मार्फत वैदेशिक रोजगारीलाई नियमन गर्ने प्रयास गरेको पाइयो । कतार, यूएई, दक्षिण कोरिया, जापान लगायत देशहरूसँग दुईपक्षीय श्रम सम्झौता गरिएको पाइयो । तर, आप्रवासी कामदारका लागि ILO महासन्धि नं. ९७ र १४३ तथा संयुक्त राष्ट्रसंघको १९९० को महासन्धि अनुमोदन नगरिएको पाइयो । समाधानका उपायहरूमा नीतिगत सुधार, सीप विकास तालिम, सूचना केन्द्र स्थापना, र दूतावासको सक्रियता समावेश गरिएको पाइयो । “फ्री भिसा फ्री टिकट” नीति कार्यान्वयन गर्न प्रयास गरिएको देखियो ।

रूपन्देहीमा सबैभन्दा धेरै (१,६०९) र रूकुम पूर्वमा सबैभन्दा कम (१०१) महिला श्रम स्वीकृति भएको पाइयो । वैदेशिक रोजगारीले आर्थिक विकासमा योगदान पुऱ्याए पनि सामाजिक र मानवीय समस्याहरू निम्त्याएको पाइयो । विशेषगरी महिला कामदारहरूको अधिकार सुनिश्चित गर्न कानूनी र नीतिगत सुधार आवश्यक रहेको देखियो ।

नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई खाडी मुलुकहरूमा अधिकारको सुनिश्चितता कमजोर रहेको पाइयो । सार्कस्तरीय सन्धिमा नेपाल पक्ष राष्ट्र भए पनि व्यवहारिक रूपमा वेचविखन नियन्त्रणमा प्रभावकारिता देखिएको छैन । भारत हुँदै तेस्रो मुलुकमा कामदारको रूपमा लगिएका व्यक्तिहरू भारतमै वा अन्य मुलुकमा जोखिमपूर्ण काम र अमानवीय व्यवहारको शिकार भएको जानकारी प्राप्त भएको पाइयो । विशेष गरी पहाडी जिल्लाका बालबालिकाहरू जीविकोपार्जनका लागि पढाइ छोडेर रूपन्देहीको बेलहिया नाका, कपिलवस्तुको कृष्णनगर नाका हुँदै भारततिर जाने प्रवृत्ति देखिएको पाइयो, जसले शिक्षाको अधिकारबाट बञ्चित हुने र वेचविखनमा पर्ने अवस्था सिर्जना गरेको देखियो । सीमा क्षेत्रमा बेचविखन नियन्त्रणमा सरकारी प्रयास प्रभावकारी नभएको पाइयो । उद्धार, पुनःस्थापना, सामाजिक एकीकरणका लागि पर्याप्त संयन्त्र र अग्रसरता नदेखिएको, कामदार पठाउने संस्थाहरूले जानकारी नदिएको, अनावश्यक शुल्क लिएको, र जिम्मेवारी नबहन गरेको प्रवृत्ति देखिएको पाइयो । सरकारी निगरानी कमजोर हुँदा पीडितहरू सहयोगबाट वञ्चित भएको अवस्था देखियो ।

रूस र युक्रेन बिच जारी युद्धमा गैरकानुनी बाटोबाट रूसी सेनामा भर्ना भई बिचल्ली परेका र जोखिममा परेकाहरूको उद्धार, मृतकको शव हस्तान्तरण, घाइतेको उपचार, क्षतिपूर्ति, र समन्वय अभावसम्बन्धी गुनासोहरू प्राप्त भए पनि लिखित रूपमा कही कतै अभिलेख रहेको पाइएन । मानव वेचविखनलाई गम्भीर मानव अधिकार उल्लङ्घन मानिएको छ, जसबाट नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको हनन भएको देखियो ।

राष्ट्रिय मानव अधिकार आयोगले २०७५ भदौ २२ गते नेपाल सरकारलाई २२ बुँदे गरेको सिफारिसको आधारमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सम्बन्धित मन्त्रालयहरूलाई पत्राचार गरी कार्यान्वयनको अनुरोध गरिए अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७५ असोज १ मा सबै स्थानीय तहलाई कार्यान्वयनका लागि पत्राचार गरेको देखियो । त्यस पश्चात अधिकांश स्थानीय तहहरूमा समिति गठन, पुनःसंरचना, वा कार्यविधि निर्माण नभएको देखियो । बजेट अभाव, जनप्रतिनिधिको चासो नदेखिएको, लक्षित समूहको पहिचान र नक्सांकन नगरिएको, र मानव बेचबिखन रोकथामका लागि छुट्टै शीर्षकमा बजेट विनियोजन नगरिएको अवस्था पाइयो । सामान्य अन्तरक्रिया र दिवस मनाउने कार्यक्रम बाहेक अन्य गतिविधि सञ्चालन नभएको देखियो ।अनौपचारिक क्षेत्र (डान्सबार, मसाज पार्लर, रेष्टुराँ) नियमन र अनुगमनमा स्थानीय तहको भूमिका शून्य देखिएको

पाइयो । मन्त्रालयबाट पत्र प्राप्त भएको जानकारी नहुँदा समितिको पुनःसंरचना र कारबाही प्रक्रिया अघि बढाइएको छैन भन्ने अवस्था देखियो ।

असार १३, २०८२ मा भारतमा बेचबिखनका लागि लगिएका ६० नेपाली नागरिक (बेलहिया नाका, रूपन्देही), जसमा नाबालिगहरू पनि थिए, उद्धार गरिएको समाचारबाट पुष्टि भएको पाइयो । सीमावर्ती क्षेत्रहरूमा जोखिम उच्च रहेको, गरिबी, अशिक्षा, र बेरोजगारीले समस्या जटिल बनाएको देखियो ।

मानव बेचबिखनविरूद्धको ऐन, २०६४ लागु गरिए पनि कार्यान्वयन प्रभावकारी नभएको पाइयो । गैरसरकारी संस्थाहरूले उद्धार र पुनःस्थापनामा भूमिका खेले पनि स्रोत अभावले प्रयास सीमित भएको देखियो । लैङ्गिक हिंसाविरूद्धको कानून सन् २०२४ मा संशोधन गरिए पनि ग्रामीण र सीमान्तकृत समुदायसम्म प्रभाव पुग्न बाँकी रहेको पाइयो ।

## अपाङ्ग व्यक्तिहरूको अवस्था र रोजगारी

द्वन्द्वकालीन घटनाहरूबाट शारीरिक यातना, कुटपिट र विस्फोटका कारण धेरै व्यक्तिहरू अपाङ्गता भएको पाइयो । ती पीडितहरूले औषधि उपचार, राहत तथा क्षतिपूर्ति अझै प्राप्त गर्न नसकेको अवस्था देखियो । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि अनुमोदन भइसकेको भए पनि ऐन २०७५ को व्यवहारिक कार्यान्वयन प्रभावकारी रूपमा हुन नसकेको पाइयो । विस्तृत शान्ति सम्झौतामा द्वन्द्वपीडितको उपचार र पुनःस्थापनाको प्रतिबद्धता व्यक्त गरिए पनि आयोगको अनुगमन तथा उजुरीका आधारमा पूर्णरूपमा सम्बोधन नभएको पाइयो ।

२०७८ को राष्ट्रिय जनगणनाबाट नेपालमा २.२% जनसंख्यामा अपाङ्गता भएको देखियो (लगभग ६,४७,७५५ व्यक्ति)। पुरूषमा २.५% र महिलामा २.०% अपाङ्गता दर रहेको पाइयो । शारीरिक अपाङ्गता (३६.७५%) सबैभन्दा प्रचलित रहेको देखियो । लुम्बिनी प्रदेशमा २.३७% अपाङ्गता दरसहित १,२१,२८९ व्यक्ति अपाङ्गता भएको पाइयो । लैंगिक वितरणमा ५४.३% पुरूष र ४५.७% महिला रहेको देखियो । शारीरिक अपाङ्गता (४५,५६९ व्यक्ति) र कम दृष्टि (२१,२७७ व्यक्ति) प्रमुख रहेको पाइयो ।

अर्घाखाँची, गुल्मी, र पाल्पामा अपाङ्गता दर उच्च देखिएको छ भने रूपन्देहीमा दर कम भए पनि अपाङ्ग व्यक्तिको संख्या धेरै रहेको पाइयो । रोजगारीसम्बन्धी विशिष्ट तथ्यांक स्पष्ट नभए पनि, अपाङ्ग व्यक्तिहरूको रोजगारी दर सामान्य जनसंख्याको तुलनामा कम भएको देखियो । विश्व बैंकको प्रतिवेदन अनुसार, कम आय भएका देशहरूमा अपाङ्ग व्यक्तिको रोजगारी दर ४२.९% रहेको उल्लेख गरिएको पाइयो ।

विद्यालय, अस्पताल, शौचालय, पुल तथा सार्वजनिक संरचनाहरू अपाङ्गता मैत्री ढाँचामा निर्माण नगरिएको हुँदा सेवा सुविधामा पहुँच विस्तार हुन नसकेको देखियो । संविधानले सामाजिक सुरक्षा अधिकार सुनिश्चित गरेको भए पनि स्पष्ट व्यवस्था र कार्यान्वयनको अभावमा व्यवहारमा कठिनाइ देखिएको पाइयो । नेपालको संविधान र ऐनले रोजगारीमा समावेशीकरणको प्रावधान गरेको भए पनि कार्यान्वयन कमजोर रहेको देखियो । निजी कम्पनीमा २५ भन्दा बढी कर्मचारी भएमा एक अपाङ्ग व्यक्तिलाई रोजगारी दिनुपर्ने र सरकारी सेवामा ५% कोटा व्यवस्था गरिएको भए पनि व्यवहारमा लोक सेवा आयोगले लिने परीक्षामा न्यूनतम उतीर्णाङ्क ल्याउन नसकेका कारण अपाङ्गता भएका व्यक्तिहरूको लागि विज्ञापित पदमा पदपूर्ति हुन सकेको देखिदैन।अध्ययनहरूबाट रोजगारीमा पहुँच, भेदभाव, र गलत धारणाका कारण अपाङ्ग व्यक्तिहरूले चुनौती सामना गरिरहेको देखियो । नीति निर्माताहरूले यी भिन्नता सम्बोधन गर्न र समावेशी रोजगारी प्रवर्द्धन गर्न थप प्रयास गर्नुपर्ने आवश्यकता देखियो ।

## वातावरणीय न्याय र जलवायु परिवर्तन

अनियन्त्रित रूपमा भइरहेको चुरे दोहन, नदीजन्य पदार्थको उत्खनन र वन विनाशले तराई-मधेशमा बाढी, डुबान र भू-क्षयको समस्या बढाएको छ । यसले हजारौं नागरिकको जीवन, आवास र जीविकोपार्जनको अधिकारलाई जोखिममा पारेको छ । जलवायु परिवर्तनका असरहरू न्यूनीकरण र वातावरणीय न्यायका सवालहरूलाई सम्बोधन गर्न सरकारी नीतिहरू प्रभावकारी हुन सकेका छैनन्।

आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशका छ जिल्लाहरूमा जलवायुजन्य घटनाबाट जनधनको क्षति भएको पाइयो, जसले वातावरणीय न्यायको अवस्था कमजोर रहेको देखियो ।रूपन्देहीमा २०८१ साउन महिनामा आएको अविरल वर्षाले बुटवल उपमहानगरपालिका क्षेत्रका बस्तीहरू डुबानमा परेको, दर्जनौं घरमा क्षति पुगेको, र विद्युत् आपूर्ति अवरूद्ध भएको अवस्था देखियो । कपिलवस्तुमा भदौमा आएको बाढीले शिवराज नगरपालिका र बुद्धभूमि क्षेत्रका कृषि क्षेत्र डुबाएको, करिब ५० हेक्टर धानबाली नष्ट भएको, र स्थानीय सडक सञ्जाल अवरूद्ध भएको पाइयो ।

नवलपरासी (ब.सु.प.) मा असोजमा आएको हावाहुरीले सुस्ता गाउँपालिकामा ३५ घरको छाना उडाएको, दुई विद्यालयको भवन क्षतिग्रस्त भएको, र एक वृद्धको मृत्यु भएको घटना देखियो । पाल्पामा कार्तिकमा भएको पहिरोले तानसेन नगरपालिका-५ मा दुई घर पुरिएको, तीन जना घाइते भएको, र एक बालकको मृत्यु भएको पुष्टि गरिएको छ ।

गुल्मीमा मंसिरमा भएको शीतलहरले रेसुङ्गा नगरपालिका क्षेत्रका वृद्ध र बालबालिकामा स्वास्थ्य समस्या देखिएको, तीन वृद्धको मृत्यु भएको, र स्वास्थ्य सेवा पहुँचमा कठिनाइ भएको अवस्था देखियो । अर्घाखाँचीमा पुसमा भएको सुख्खा र असमय वर्षाले सन्धिखर्क क्षेत्रका बालीमा क्षति पुऱ्याएको, करिब ७० हेक्टर गहुँबाली नष्ट भएको, र किसानहरू आर्थिक संकटमा परेको देखियो ।

यी घटनाहरूबाट वातावरणीय जोखिममा रहेका समुदायहरूमा पूर्वतयारी, राहत, र पुनःस्थापनाको व्यवस्था प्रभावकारी रूपमा हुन नसकेको देखियो । जलवायु परिवर्तनको प्रभावबाट उत्पन्न विपद् व्यवस्थापनमा स्थानीय सरकारहरूबाट समन्वय, पूर्वानुमान प्रणाली, र जोखिम नक्सांकनको अभाव देखिएको पाइयो । प्रदेश सरकारबाट वातावरणीय न्याय सुनिश्चित गर्न जलवायु अनुकूलन नीति कार्यान्वयनमा ढिलाइ भएको, र जोखिममा रहेका समुदायहरूको पहिचान तथा लक्षित कार्यक्रम सञ्चालनमा कमजोरी देखिएको पाइयो । जलवायुजन्य क्षति र सामाजिक असमानता समाधान गर्न बहु-स्तरीय सरकारबिच समन्वय, पूर्वाधार सुदृढीकरण, र वातावरणीय न्यायको सिद्धान्तअनुसार नीति निर्माण आवश्यक देखियो ।

**दलितको अधिकारः**

आदिवासी जनजाति, मधेशी र मुस्लिम समुदायको अधिकारः यी समुदायहरूको भाषा, धर्म, संस्कृति र पहिचानको संरक्षण तथा विकासका लागि राज्यले गरेका प्रयासहरू अपर्याप्त छन् । राज्यका निकायहरूमा उनीहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुन सकेको छैन । नागरिकताको समस्याले गर्दा हजारौं मधेशी समुदायका व्यक्तिहरू राज्यविहीनताको अवस्थामा छन् ।

आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशका छ जिल्लाहरूमा दलित छुवाछुत तथा मानव अधिकार उल्लङ्घनका घटनाहरू बढेको पाइयो, जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रतिबद्धताको कार्यान्वयनमा कमजोरी देखिएको छ ।

नेपालको संविधान, २०७२ को धारा २४ ले छुवाछुत तथा जातीय विभेदलाई अपराध ठहर गरिएको छ भने धारा १८ ले समानताको अधिकार प्रत्याभूत गरिएको पाइयो । दलितको अधिकार संरक्षणका लागि नेपालले जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD) अनुमोदन गरिसकेको अवस्था देखियो । यद्यपि, व्यवहारमा दलित समुदायले सामाजिक बहिष्कार, हिंसा, र न्यायमा पहुँचको अभाव भोगिरहेको तथ्यांकबाट पुष्टि गरिएको छ ।

इन्सेकको प्रदेशस्तरीय प्रतिवेदन अनुसार, लुम्बिनी प्रदेशमा २०८१/८२ मा कुल २,२७१ जना मानव अधिकार उल्लङ्घनका पीडित देखिएका छन्, जसमा २,१६२ महिला र ७८ पुरूष अन्य पक्षबाट पीडित भएको उल्लेख गरिएको छ । यसमध्ये कुटपिट, अमानवीय व्यवहार, धम्की,  जस्ता घटनाहरूमा दलित समुदाय disproportionately प्रभावित भएको पाइयो ।

रूपन्देहीमा दलित युवामाथि सार्वजनिक स्थानमा जातीय गाली र कुटपिट गरिएको, कपिलवस्तुमा दलित महिलालाई धार्मिक कार्यक्रममा प्रवेश नदिइएको, र नवलपरासी (ब.स.प.) मा दलित बालकलाई विद्यालयमा भेदभाव गरिएको घटना स्थानीय सञ्चारमाध्यममा समाचारहरू प्रकाशित भएको पाइयो । पाल्पा र गुल्मीमा दलित समुदायले सार्वजनिक सेवा–जस्तै पानी, मन्दिर, र सामुदायिक भवन प्रयोगमा अवरोध भएको गुनासोहरू पटक-पटक आउने गरेकाछन् । अर्घाखाँचीमा दलित किशोरीमाथि यौन हिंसाको घटना भएको र पीडित परिवारले न्याय नपाएको अवस्था देखियो ।

यी घटनाहरूले दलित समुदायको जीवन, सम्मान, र समान अवसरको अधिकारमा गम्भीर असर परेको देखियो । स्थानीय तहबाट छुवाछुत उन्मूलनका कार्यक्रम सञ्चालन नगरेको, प्रदेश सरकारबाट दलित लक्षित बजेट कार्यान्वयनमा ढिलाइ भएको, र संघीय सरकारबाट कानूनी कारबाहीमा प्रभावकारिता नदेखिएको अवस्था देखियो । अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार, ICERD र SDG लक्ष्य १० अन्तर्गत असमानता न्यूनीकरण गर्न दलित समुदायको अधिकार सुनिश्चित गर्न राज्यको दायित्व रहेको पाइयो । उपलब्ध तथ्यांकले सामाजिक न्याय र मानव अधिकारको सन्दर्भमा दलित समुदाय अझै पनि बहिष्करणको शिकार भएको देखिएको छ ।

## ज्येष्ठ नागरिकको अधिकार

नेपाल सरकारले लिएको नीति अनुरूप ज्येष्ठ नागरिकले स्वास्थ्य संस्थाहरूमा प्राथमिकताका साथ सेवा पाउनुपर्नेमा यस क्षेत्रका प्रायः जसो स्वास्थ्य संस्थाहरूको त्यस प्रकारको व्यवस्थाहरू नगरिएको पाइएको छ । ज्येष्ठ नागरिकहरूको लागि चाहिने विशेषज्ञ चिकित्सक यस क्षेत्रका कुनै पनि स्वास्थ्य संस्था दरबन्दी नभएको एवं कार्यरत नभएको अवस्था छ । स्वास्थ्य उपचारमा चिकित्सकको कमी तथा कार्यचापको कारणले पनि समयमा सेवा पाउन नसकेको अवस्था छ । कानूनी व्यवस्था अनुसार स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकले परिचयपत्रको आधारमा निःशुल्क सेवा प्राप्त गर्ने विषयमा प्रयाप्त सूचना तथा सचेतनाको अवस्था  नाजुक छ । त्यस्तै सन्तान विहिन ज्येष्ठ नागरिकहरूले समयमा उपचार तथा सामाजिक सुरक्षा भत्ता नपाएको अवस्था

छ । केही जिल्लाहरूमा जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको गठन भएको तर नियमित कार्य बाहेकका अन्य कार्यको अभाव छ । यस क्षेत्रका ज्येष्ठ नागरिक हेरचाह केन्द्रहरू तथा वृद्धाश्रमहरूमा प्रर्याप्त आर्थिक श्रोत साधनहरूको अभावमा समस्याग्रस्त छन् । नेपाल सरकारको अनुदान तथा केही मनकारी व्यक्तिहरूको यथेष्ट सहयोगले गर्दा ज्येष्ठ नागरिक हेरचाह केन्द्र तथा वृद्धाश्रमहरूमा खानलाउनको समस्या नभए पनि स्वास्थ्य समस्या संवोधन हुनसकेको छैन । स्वयम् सेवीसंस्थाहरूबाट संचालित केन्द्रहरूमा व्यवस्थापन राम्रो छ, तर व्यापारिक, व्यावसायिक र देखासिकी रूपमा संचालित केन्द्रहरूको संचालनमा भने समस्या पाइयो । हेरचाह र दिवा सेवा केन्द्रहरू जेष्ठ नागरिक नियमावली, २०६५ को अनुसूची-२ को मापदण्ड अनुरूपको पाइएनन् । तर, केही केन्द्रहरू आधारभूत सुविधाका दृष्टिले सुधारोन्मुख रहेको छ । धार्मिक स्थलहरूमा संचालित वृद्धाश्रमहरूमा बस्नेहरूको संख्या र अवस्था तुलनात्मक रूपमा राम्रो छ । जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा (वृद्ध भत्ता) भत्ताले जीवन यापनमा निकै सहयोग पुगेको छ । तर केही जेष्ठ नागरिकहरू नगरिकताको प्रमाणपत्र र कार्यविधिगत जटिलताले यो भत्ताबाट वञ्चित छन् । आ.व. २०७६।७७ बाट नेपाल सरकारले ज्येष्ठ नागरिकले पाउदै गरेको सामाजिका सुरक्षा भत्ता मासिक रू.२,०००।- बाट वृद्धि भई रू.३,०००।- पाउने व्यवस्था गरिएको छ । दम्पत्तिमध्ये कुनै एकको देहान्त भएपछि विदुर वा विधवाको जीवन कष्टकर भई वृद्धाश्रममा आएको पाइयो । हाल नेपाल सरकारले दिने गरेको ज्येष्ठ नागरिक सामाजिक सुरक्षाभत्ता ज्येष्ठ नागरिक हुनलाई ज्येष्ठ नागरिक ऐन, २०६३ मा उल्लेख भएअनुसार साठी वर्ष उमेर पुगेको हुनुपदर्छ। नेपालमा आम जनसमुदायको जनसङ्ख्यामा वृद्धिदर २.१% छ भने ज्येष्ठ नागरिकको जनसङ्ख्या वृद्धिदर ३.४% ले भइरहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार ज्येष्ठ नागरिकको जनसङ्ख्या ३७,९७,७७२ सम्म पुगेको छ ।

यसो हुनुको मूल कारण मृत्युदर र जन्मदर घटेको,जीवन पद्धतिमा परिर्वतन आएको, स्वास्थ्यप्रति सचेतना वृद्धि भएको तथा स्वास्थ्य उपचारमा पहुँच बढेको आदि हो । तथापि, विश्वस्तरमा नै ज्येष्ठ नागरिकको सङ्ख्या बढी रहेको छ । विकसित राष्ट्रमा ज्येष्ठ नागरिकको जनघनत्व सहरमा बढी भइरहेको छ भने विकासोन्मुख देशमा ज्येष्ठ नागरिकको जनघनत्व गाउँतिर बढी रहेको छ । हालै भएको जनगणनाअनुसार ग्रामीण क्षेत्रमा ८३% जनघनत्व देखिएको छ । समय-समयमा ज्येष्ठ नागरिकले पाउने गरेको सामाजिक सुरक्षा भत्ता नपाउने गरेको, सामाजिक सुरक्षा भत्ताको जिम्मेवारी केन्द्रीय सरकारबाट प्रदेश सरकार मार्फत स्थानीय तहमा आएसँगै आवश्यक बजेट विनियोजन नगरिएको, तथा समयमा वितरण नगरेको गुनासोहरू आयोगमा प्राप्त भएका छन ।

## LGBTIQ+ र मानव अधिकार

नेपालको संविधान, २०७२ को धारा १८ ले सबै नागरिकलाई समानताको अधिकार प्रदान गरेको छ भने धारा ४२ ले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक सुनिश्चित गरिएको पाइयो । सर्वोच्च अदालतको २०६४ को परमादेश अनुसार तेस्रो लिङ्गको पहिचान, नागरिकता, र कानुनी अधिकार सुनिश्चित गर्न आदेश दिइएको भए पनि व्यवहारमा पूर्ण कार्यान्वयन नभएको देखियो । नेपालले ICCPR, CEDAW, र Yogyakarta Principles जस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरूमा प्रतिबद्धता जनाएको भए पनि स्थानीय स्तरमा LGBTIQ+ अधिकारको संरक्षण कमजोर रहेको पाइयो ।
रूपन्देहीमा एक तेस्रोलिङ्गी व्यक्तिलाई सार्वजनिक स्थानमा गाली र धक्का दिइएको, कपिलवस्तुमा यौनिक पहिचानका कारण विद्यालयमा बहिष्करण गरिएको, र नवलपरासी (ब.सु.प.) मा स्वास्थ्य सेवा लिन जाँदा अपमानजनक व्यवहार गरिएको घटना स्थानीय मानव अधिकार समूहबाट रिपोर्ट गरिएको पाइयो । पाल्पा र गुल्मीमा तेस्रोलिङ्गी व्यक्तिहरूले रोजगारीमा भेदभाव भोगेको, र अर्घाखाँचीमा एक समलैङ्गिक जोडीलाई घर भाडामा नदिएको गुनासो गरिएको अवस्था देखियो ।

स्थानीय तहबाट LGBTIQ+ मैत्री नीति निर्माण नगरेको, प्रदेश सरकारबाट समावेशी कार्यक्रम सञ्चालनमा ढिलाइ भएको, र संघीय सरकारबाट कानुनी संरक्षणको कार्यान्वयनमा कमजोरी देखिएको पाइयो । सामाजिक सुरक्षाको पहुँच, मानसिक स्वास्थ्य सेवा, र सामुदायिक समावेशीकरण मा LGBTIQ+ समुदायलाई प्राथमिकता नदिएको अवस्था देखियो ।

अन्तर्राष्ट्रिय मान्यता अनुसार, Yogyakarta Principles ले यौनिक पहिचान र लैङ्गिक अभिव्यक्तिको आधारमा हुने भेदभावलाई मानव अधिकार उल्लङ्घन मानिएको छ । नेपालले यी सिद्धान्तहरूलाई आत्मसात गर्नुपर्ने अवस्था देखिएको छ ।

### किसानको अधिकार

लुम्बिनी प्रदेशका रूपन्देही नवलपरासी बसुप र कपिलवस्तु जिल्लाका किसानहरू–जसोतसो पानीको जोहो गरेर धान रोपाइ गरेका किसानहरूले लगाएका धानबाली समयमा पानी नपर्दा र सिंचाइको सुविधा नहुँदा गत वर्षमा झैं यस वर्ष पनि खेतमा धाँजा फाटेका छ । धान पहेँलिएको छ । जेठ पहिलो सातादेखि मनसुनको प्रतीक्षा गरे पनि अझै वर्षा सुरू भएको छैन । छिटफुट हुने वर्षाले जमिन भिज्दैन । सिँचाइका लागि निर्माण गरिएका कुला सुक्खा छन् । पानी बग्ने कुलामा पानी पर्याप्त

देखिँदैन । अधिकांशले बोरिङमार्फत भूमिगत पानी निकालेर रोपाइँ गरे । केहीले आसपासका पानीका स्रोतबाट पम्पसेट चलाएर धान रोपाईं गरेका किसानहरूको धानबाली खेतीमा लागत हवात्तै बढेको सर्वसाधारण बताउँछन् । परम्परादेखि राजनीतिक दल र जनप्रतिनिधिले 'सिँचाइ र मल व्यवस्थापन गर्ने नारा लगाएर चुनाव जिते पनि स्थानीय बासिन्दाले अहिलेसम्म सुविधा पाएका छैनन् । मर्चवारी-६, पिपरहवाका प्रल्हाद चौधरीले यस वर्ष २० कट्ठामा धान खेती गरेका छन् । उनको खेत आसपास सिँचाइका लागि पानीको स्रोत छैन । समस्या समाधानका लागि बोरिङ गाड्ने प्रयास गरे । तर, ५०० फिट पाइप गाड्दा पनि पानी

*लुम्बिनी प्रदेश कृषि तथा भूमी मन्त्रालय कृषि तथा वन विश्वविद्यालय चितवन र नेपाल सरकार कृषि तथा पशु मन्त्रालयको संयुक्त २०७९ सालमा गरेको अनुसन्धानले दुग्ध उत्पाक किसानका लागि नेपाल सरकारले व्यवस्था गरेको पशु विमा कार्यक्रममा समावेस भएका किसानहरूको औसत मासिक आम्दानी ३८३८१.८९ उन्नत जातको पशुपालन गर्ने ६८.२८% घास खेती ७४% सुधारिकएको गोठ ६९% र कृतिम गर्भाधान ३९% रहेको पाइयो र विमाको कारणले उन्नत जातको पशुपालनमा ६.७% घास खेती मा ३१.८ प्रतिशत सुधारिएको गोठमा १७.५% र कृतिम गर्भाधानमा वृद्धि भएको पाइयो । अध्ययनको निष्कर्शका आधारमा के भन्न सकिन्छ भने कृषि प्रसार प्रणालीलाई उच्च ध्यान दिई सुदृढीकरण र प्रयाप्त सहजीकरणका साथ बीमा नीति र कार्यक्रम जनस्तरमा फैलाइयो भने कृषि उत्पादक्त वृद्धि तथा कृषि उत्पादनमा आत्मनिर्भरता प्राप्त हुने अवस्था श्रृजना हुने थियो । (श्रोतः* The Lumbini Agriculture Journal, Vol.2, June, 2023 Page No.57)

निस्किएन,' उनले भने, 'जमिनभित्रको पानी पनि सकिसक्यो । प्रत्येक वर्ष आकाशे पानीको भरमा खेती गर्दै आएका उनले विकल्प नभएपछि एक किलोमिटर टाढाको डण्डा खोलामा पम्पसेट चलाएर डेलिभरी पाइपबाट पानी ल्याएको बताए । "जसोतसो धान रोपाईं भए पनि 'हुर्किनका लागि पानी चाहिन्छ, अहिले सुक्खा परेर खेतमा धाँजा फाटेका छन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले रूपन्देहीको मर्चवार गहुँ जोन क्षेत्र घोषणा गरेकोमा यहाँबाट धान र गहुँको बीउ उत्पादन गरिँदै आएको छ। परियोजनाले मर्चवार लिफ्ट सिँचाइको कमान्ड क्षेत्रमा कुलो निर्माण गर्ने योजना बनाए पनि हालसम्म खेतसम्म पानी पुऱ्याउन साढे तीन सय मिटर कुलो निर्माण गरेको पाइन्छ । यति कुलोले सबै क्षेत्र समेट्न नसकिने अवस्था रहेको छ । परियोजनाले गहुँ र धान पकेट क्षेत्रमा सामुदायिक पूर्वाधार निर्माणअन्तर्गत २० देखि ५० लाख खर्च गरेर साना नाली

निर्माण गरिरहेको भए पनि श्रोतको अभावमा निर्माण हुनसकेको छैन ।

अर्को समस्या भनेको समयमा किसानले मल र विउँ नपाउनु पनि रहेको छ । किसानहरूलाई सरकारले समयमा मल र बिउँबिजनको उपलब्धता सुनिश्चित गर्न सकेको छैन । किसानहरू सीमावर्ती भारतीय बजारबाट मलखाद तथा विउँविजन ल्याउँदा सिमामा खटिएका सुरक्षाकर्मीहरूले मलविउँ जफत गर्ने, रकम दिने किसानहरू(वा किसानका नाममा कालाबजारी गर्ने तस्कर)लाई

*कृषि अनुसन्धान निर्देशनालय लुम्बिनी प्रदेशले लुम्बनी प्रदेशका रूपन्देही कपिलवस्तु, दाङ्ग, बाँके र बर्दिया जिल्लाहरूमा धानको उन्नत जातहरूको अनुग्रहण र उत्पादकत्वको अवस्था सम्बन्धि जानकारीका लागि कूल ३७३ धान कृषकहरूसँग वि.स. २०७९ मा गरिएको संवेक्षण अनुसार ५३% धान खेती गरिएको जग्मामा नेपालमा नै विकास गरिएको उन्नत जात ४५% प्रतिशत भारतिय उन्नत जात र २% लोकल जातहरूमा गरिएको अनुसन्धानको परिणाम अनुसार कृषकहरूको अपेक्षा विपरित भारतीय धानका जातहरूको उत्पादकत्व ४.५६ मे.ट. को तुलनामा नेपाली उन्नत जातहरूको उत्पादक्तव ४.८ मे.ट. थियो । (श्रोतः The Lumbini Agriculture Journal, Vol.2, June, 2023 Page No. 18)*

सजिलै ल्याउन दिने जस्ता कार्यहरू आयोगको अनुगमन टोलीले प्रत्यक्षरूपमा भेटेको र रहेको पाइएको थियो । त्यस्तै दुग्ध उत्पादक किसानहरूको बक्यौता, उखु उत्पादन किसानहरूले विगत तीन वर्षदेखि (नवलपरासी ब.सु.प.) को बक्यौताको भुक्तानी पाएका छैनन् । नेपालमा नै विकास गरिएका तथा विभिन्न निकायले सिफारिस गरेका उन्नत बिउँबिजनहरू किसानले पाउन सकेका छैनन्।

# परिच्छेद-५

# राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयका उपलब्धि, चुनौती र समाधानका सम्भावित उपायहरू

**प्रदेश कार्यालयका उपलब्धि**

**उजुरी अनुसन्धान**

आयोगको लुम्बिनी प्रदेश कार्यालयले सिमित साधन र श्रोत र जनशक्तिका वाबजुद पनि आ.व. २०८१/८१ का लागि स्वीकृत वार्षिक कार्यक्रमहरूको ९५ प्रतिशत भन्दा बेसी भौतिक प्रगति हासिल गरेको छ ।यस कार्यालयमा दर्ता भइ अनुसन्धानको क्रममा रहेका २८३ (८०% उजुरीहरू द्वन्द्वकालिन रहेका) उजुरीहरू मध्ये ११४ वटा उजुरीहरूमा अनुसन्धान सम्पन्न गरी निर्णयार्थ १०१ वटा उजुरीहरू आयोगमा पेश गरिएको छ । विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ ।

**आकस्मिक अनुगमन तथा विषयगत मानव अधिकार प्रचलनको अवस्था अनुगमन**

प्रदेश कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा निर्धारण गरेका भन्दा बढि मानव अधिकार उल्लंघनका घटनाहरूको आकस्मिक तथा विषयगत मानव अधिकार प्रचलनको अवस्था अनुगमन गरी सम्बन्धित निकायमा सिफारिसका साथ सम्पन्न गरेको छ । अनुगमन गरी तत्काल उक्त घटनाका सम्वन्धमा जानकारी माग्ने तथा पीडितलाई परामर्श दिने कार्य गरिएको छ । यस आर्थिक वर्षमा मानव अधिकार उल्लंघन र मानव अधिकारको अवस्था अनुगमनका ११ वटा आकस्मिक तथा विषयगत मानव अधिकार प्रचलनको अवस्था अनुगमन अनुगमन गरिएको छ । जसको विस्तृत विवरण अनुसूची मा राखिएको छ ।

**नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था अनुगमन**

यस कार्यालयबाट लुम्बिनी प्रदेश भरि 'नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था अनुगमन गरेको छ । राष्ट्रिय कार्ययोजनाले परिकल्पना गरेको प्रदेश स्तरीय समिति आयोगको पहलमा २०८१ साल

फाल्गुन महिनामा गठन गरिएको, जिल्लाहरूको समिति गठन नभएको, पालिकास्तरीय समितिहरूको संरचना पनि गठन नभएको पाइयो ।

**प्रदेश कार्यालयका चुनौती**

राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयको आफ्नै जग्गा तथा भवन नभएका कारण बिभिन्न प्रकारका कठिनाइहरू सामना गरिरहनु परेको छ । त्यस्तै आयोगको यस कार्यालयका लागि प्रस्तावित सांगठनिक संचना नेपाल सरकारबाट स्वकृति नहुँदा र दरबन्दी अनुसारका कर्मचारीको अभावमा मानव अधिकार उल्लंघनका घटनाहरूका उजुरीहरूको अपेक्षित अनुसन्धान हुन सकिरहेको अवस्था छैन ।

**चुनौती समाधानका उपाय**

आयोगको यस कार्यालयलाई नेपाल सरकार अथवा लुम्बिनी प्रदेश सरकारबाट भवन निर्माणका लागि जग्गा अथवा स्थायी भवन उपलब्ध गराए कार्य प्रभावकारी बनाउन सहज हुने थियो । साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजम आयोगले प्रस्ताव गरी पठाएको आयोगको सांगठनिक संरचना लामो समय देखि स्वीकृत नहुँदा र आयोगमा रिक्त दरबन्दी अनुसारको कर्मचारी पद पूर्ती हुन नसक्दा आयोगको कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन तसर्थ अविलम्ब आयोगको सांगठनिक संरचना स्वीकृत गरी रिक्त दरबन्दीमा लोक सेवा आयोगबाट पदपूर्ति हुँदा काममा सहजता आउने थियो ।

**सिफारिसहरू**

मानव अधिकारको अवस्थामा सुधार ल्याउन र नागरिकका अधिकारहरूलाई पूर्ण रूपमा सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश कार्यालय देहाय बमोजिमका सिफारिसहरू गर्दछः

**नेपाल सरकार तथा संघीय संसदलाई**

१. संक्रमणकालीन न्याय प्रक्रियालाई अविलम्ब टुंगोमा पुऱ्याउन सर्वोच्च अदालतको फैसला र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी सम्बन्धित ऐन संशोधन गर्ने र आयोगहरूलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने ।
२. राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयनलाई बाध्यकारी बनाउन आवश्यक कानुनी प्रबन्ध गर्ने र सिफारिस कार्यान्वयन नगर्ने पदाधिकारीलाई जवाफदेही बनाउने प्रणालीको विकास गर्ने ।

३. मानव अधिकार उल्लंघनका घटनामा शून्य सहनशीलताको नीति अपनाई दण्डहीनताको अन्त्य गर्न राजनीतिक इच्छाशक्ति प्रदर्शन गर्ने र अनुसन्धान तथा अभियोजन प्रक्रियालाई स्वतन्त्र र निष्पक्ष बनाउने ।

४. आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि भर्ती प्रक्रियालाई पारदर्शी बनाउने, गन्तव्य मुलुकहरूसँग श्रम सम्झौताको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने तथा पीडितहरूलाई सहज कानुनी उपचारको व्यवस्था गर्ने ।

५. मानव अधिकार रक्षकहरूको सुरक्षा सुनिश्चित गर्न ठोस कानून निर्माण गरी कार्यान्वयन गर्ने ।

**प्रदेश सरकार तथा स्थानीय तहलाई**

१. आफ्नो क्षेत्रभित्रका नागरिकको शिक्षा, स्वास्थ्य, खाद्य, आवास र रोजगारी जस्ता मौलिक हकहरूको सुनिश्चितताका लागि मानव अधिकार-मैत्री नीति, बजेट तथा कार्यक्रमहरू तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

२. जातीय भेदभाव, महिला हिंसा, बालश्रम जस्ता सामाजिक विकृतिहरूको अन्त्यका लागि विशेष सचेतनामूलक तथा कानुनी कारबाहीका कार्यक्रमहरू सञ्चालन गर्ने ।

३. विकास निर्माणका कार्यहरू गर्दा वातावरणीय प्रभाव मूल्यांकनलाई कडाइका साथ लागु गर्ने र स्थानीय समुदायको सहभागिता र सहमति सुनिश्चित गर्ने ।

४. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायको पहुँचलाई सहज बनाउन सबै सार्वजनिक सेवा र संरचनाहरूलाई बाधा-अवरोधमुक्त बनाउने ।

**नागरिक समाज तथा सञ्चारमाध्यमलाई**

१. मानव अधिकार उल्लंघनका घटनाहरूको निरन्तर निगरानी, अभिलेखीकरण र उजागर गरी पीडितलाई न्यायको लागि पैरवी गर्ने ।

२. मानव अधिकारको संस्कृति विकासका लागि आम नागरिक स्तरमा सचेतना अभिवृद्धिका कार्यक्रमहरूलाई निरन्तरता दिने।

३. राज्यका निकायहरूलाई मानव अधिकारप्रतिको दायित्व निर्वाह गर्न निरन्तर खबरदारी र घचघच्याउने भूमिका निर्वाह गर्ने ।

## संरक्षणात्मक गतिविधि

**अनुसूची १**

**आर्थिक वर्ष २०८१/८२मा राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय बुटवलबाट अनुसन्धान सम्पन्न भएका उजुरीको विवरण:**

| क्र.सं. | जिल्ला | दर्ता नं / उजुरी दर्ता मिति | पीडितको नाम | घटना विवरण | अनुसन्धान टोलीको नामावली | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कपिलवस्तु नवलपरासी ब.सु.प. रूपन्देही | २०६४।०५।३० | ...... खाँ | प्रतिकार समूहले हत्या गरेको | उपसचिव हरि प्रसाद ज्ञवाली, मा.अ.अधिकृत अजित कुमार ठाकुर, का.स.टिकाराम पन्थी र स.चा.घनश्याम थारु | २०८२/०३/३ देखि ऐ.९ गतेसम्म |
| २ | | २०६८।०१।१५ | ..... हरिजन | हत्या | | |
| ३ | | २०५८।०८।१२ | .......वित | हत्या | | |
| ४ | | २०६४।०४।२४ | ......बहादुर सुनार | हत्या | | |
| ५ | | २०७८।०८।१३ | ...पाण्डे समेत | यातना | | |
| ६ | | २०७६।०७।१४ | .......... कुमार पाण्डे | गैरन्यायिक हत्या | | |
| ७ | | २०६१।०२।२७ | ....... धोबी | वेवारिसे बमविष्फोटमा मृत्यु | | |
| ८ | | २०७६।०२।३० | ....... विश्वकर्मा समेत | सम्पति तथा बसोवासको अधिकार | | |
| ९ | पाल्पा कपिलबस्तु रूपन्देही | २४४/२०६४/०२/२४ | ...बहादुर ठाडा समेत | मृत्यु | मा.अ.अधिकृतत्रय पृथ्वु खतिवडा, आशिष श्रेष्ठ तथा सुप्रिना चौधरी, ना.सु.राज कुमार वि.क. र स.चा.घनश्याम थारु | २०८२/०२/२३ देखि ऐ. २९ गतेसम्म |
| १० | | ४०६/२०६७/०८/०७ | ..लिप कुमार कुँवर | बेपत्ता | | |
| ११ | | ९०/२०६२/०७/०२ | ..ल बहादुर थापा | क्षतिपूर्ती | | |
| १२ | | ४३८/२०६८/०६/०६ | ..शोर न्यौपाने | अपहरण | | |
| १३ | | ४९५/२०७०/११/०२ | ..रंग शरण मिश्रा | हत्या तथा यातना | | |
| १४ | | ८९/२०६२/०७/०२ | ..श प्रसाद घिमिरे | क्षतिपूर्ती | | |
| १५ | | ६०/२०६२/०२/२३ | ..त बहादुर थापा | बेपत्ता | | |
| १६ | | २१९/२०६३।११।१४ | ..ल कुमार रोका | हत्या | | |
| १७ | | ५३/२०६१/१२/१८ | ..कान्त अर्याल | धम्की | | |
| १८ | | ९/२०५९।७।२१ | ..राम भुषाल | हत्या | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | नवलपरासी पाल्पा रूपन्देही | १९५/२०६३/०९/०५ | ..नन्द सिंह | सम्पत्ति | मा.अ.अधिकृतद्वय आशिष श्रेष्ठ सुप्रिना चौधरी म.प्र.सहायक अर्जुन खनाल म.चा.घनश्याम थारू | २०८२/०१/८ देखि ऐ.१४ गतेसम्म |
| २० | | ४३४/२०६८/०४/१८ | ..खा पाण्डेय | बाल विवाह | | |
| २१ | | २३८/२०६४/०१/०२ | ..न्तोष कुमार पाण्डे | बेपत्ता | | |
| २२ | | ५१/२०६१/१२/१५ | ..ल कृष्ण गुरूङ | क्षतीपुर्ती | | |
| २३ | | ३३९/२०६६/०२/०७ | ..त्रा दलार्मी | अज्ञात | | |
| २४ | | ७१/२०६२/०७/०२ | ..हर प्रसाद ज्ञवाली | यातना | | |
| २५ | | ५७३/२०७५/०२/३० | ..न्ती दर्नाल | घरेलु हिंसा | | |
| २६ | | ५७०/२०७४।११।२९ | ..ष्ण दत्त पौडेल | न्याय प्रशासन | | |
| २७ | | ५८८/२०७६/०६/०१ | ..राम मल्लाह | यातना | | |
| २८ | | ७५/२०८१।०५।२६ | ..सिंह घिमिरे | क्षतीपुर्ती उपचार | | |
| २९ | नवलपरासी कपिलवस्तु रूपन्देही | ४७९/२०६३/०८/२८ | ..लाल चौधरी | हत्या | मा.अ.अधिकृतद्वय अजित कुमार ठाकुर तथा प्रिथु खतिवडा, का.स. टिकाराम पन्थी र सवारी चालक घनश्याम थारू | २०८२/०१/२१ देखि ऐ.२७ गतेसम्म |
| ३० | | ३०/२०६१/०९/२८ | ..बहादुर क्षेत्री | सम्पति तथा विस्थापित | | |
| ३१ | | ३/२०५९/०१/२० | ...त पौडेल | हत्या | | |
| ३२ | | ३२/२०६१/१०/१ | ...छा चौधरी | सम्पतिको अधिकार | | |
| ३३ | | ७३/२०६२/०५/८ | ...तु चमार | हत्या | | |
| ३४ | | २७/२०६१/०९/२८ | ....गर बस्याल | गैरकानुनी थुना | | |
| ३५ | | ४५४/२०६९।४।१७ | ...मप्रसाद पोखेल | हत्या | | |
| ३६ | | १७/२०६२।१।१५ | ..टु पासी | वेपत्ता | | |
| ३७ | | ४५८/२०६९।९।२० | ....लेन्द्र नाथ तिवारी | वेपत्ता | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३८ | रुपन्देही र कपिलवस्तु | ६१४/२०८०/०५/७ | .......कलवार | न्याय प्रशासन | मा.अ.अधिकृतद्वय अजित कुमार ठाकुर तथा प्रिथु खतिवडा र सवारी चालक घनश्याम थारू | २०८१/११/२५ देखि १२/२ गतेसम्म |
| ३९ | | ६१५/२०८०/०६/१७ | ...र्गा घिमिरे | ज्येष्ठ नागरिकको अधिकार | | |
| ४० | | ३२७ | ..वराज पाण्डे | बेपत्ता | | |
| ४२ | | ३५३ | ..र्से राना | हत्या | | |
| ४२ | | २७९ | ..हद खाँ | बाल अधिकार | | |
| ४३ | | ३८९ | ..जा शर्मा | न्याय | | |
| ४४ | | ८१ | ...कुमारी गुप्ता | न्याय प्रशासन | | |
| ४५ | | ६२२ | ...ता वर्मा | न्याय प्रशासन | | |
| ४६ | | ३३५ | ....द विश्वकर्मा | ICESCR | | |
| ४७ | | ५५२ | ....रक हुसेन | ICESCR | | |
| ४८ | | ४६३ | ....था गाविस | वातावरण अधिकार | | |
| ४९ | | ५७४ | ..व कुमारी राजभर | न्याय प्रशासन | | |
| ५० | | २८२ | ....माशंकर यादव | हत्या | | |
| ५१ | | ४६९ | ....रथ यादव | अपहरण | | |
| ५१ | | ५९६ | ..लो हरेरा | न्याय प्रशासन | | |
| ५३ | | ३४९ | ..गा थापा | क्षतिपुर्ति | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४ | कपिलवस्तु, रूपन्देही र नवलपरासी | ३७६/२०६७।०८।०७ | ..न्ता कुँवर | अज्ञात | मा.अ.द्वय आशिष श्रेष्ठ, सुप्रिना चौधरी, का.स. टिकाराम पन्थी, र स.चा.घनश्याम शाक्य | २०८१/०१/१८ देखि ऐ.२९ गतेसम्म |
| ५५ | | २७९/२०६१।११।१९ | ..राम अधिकार | हत्या | | |
| ५६ | | ४८४/२०७०।०५।१९ | ..शिल शर्मा | रोजगारीको हक | | |
| ५७ | | ४०२/२०६७।०९।०५ | ..शोक प्रसाद चौधरी | क्षतिपूर्ति सम्बन्धी | | |
| ५८ | | ६१६/२०८०।०६।२३ | ..मता कुर्मी | न्याय प्रशासन | | |
| ५९ | | १८/२०६४।११।०५ | ..म प्रसाद लोध | बेपत्ता | | |
| ६० | | ६०१/२०७७।०८।१४ | ..निता यादव | न्याय प्रशासन | | |
| ६१ | | ३६०/२०६६।०६।२८ | ..पिल बलाल मगर | उपचारको हक | | |
| ६२ | | २७७/२०६५।०३।१८ | ..नवर मुसलमान फकिर | यातना | | |
| ६३ | | ५९२/२०७६।१०।१४ | ..र्गेश गुप्ता | न्याय प्रशासन | | |
| ६४ | | १८४/२०६३।०८।१० | ..प्पु लोनिया | क्षतिपूर्ति सम्बन्ध | | |
| ६५ | | ३८८/२०६७।०३।१७ | ..शिष वनिया | अपहरण | | |
| ६६ | | ४४३/२०६८।०९।०६ | ..कान्त ढकाल | क्षतिपूर्ति सम्बन्ध | | |
| ६७ | | ५२८/२०७२।१२।२८ | ..मा चापागाई | यातना | | |
| ६८ | | ५८२/२०७६।०१।२१ | ..र्गाबहादुर रोकया | यातना | | |
| ६९ | | ११९/२०६३।०२।२२ | ..र्ण क्षेत्री परिवार | विस्थापित | | |
| ७० | | २०२/२०६३।११।१४ | ..मा घर्ती मगर | हत्या | | |
| ७१ | | ११५/२०६३।०१।०८ | ..वरतन चौधरी | क्षतिपूर्ति सम्बन्ध | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६२ | नवलपरासी(बर्दघाट पश्चिम) र रूपन्देही | | विभिन्न १३ वटा फाइलमा अनुसन्धान | | उपसचिव हरि प्रसाद ज्ञवाली, मा.अ.अधिकृत अजित कुमार ठाकुर, ना.सु. राज कुमार वि.क.,र, स.चा.घनश्याम थारू | २०८१/०७/५ देखि ऐ. १२ गतेसम्म |
| ६३ | कपिलवस्तु र रूपन्देही | | विभिन्न १७ वटा फाईलमा अनुसन्धान र २ वटा थप क्गय :यतय  र ँयीयिध गउ | | मा.अ.अधिकृत आशिष श्रेष्ठ, ले.अधिकृत सागर पोखरेल, ना.सु. राज कुमार वि.क., का.स. टिकाराम पन्थी, र स.चा. घनश्याम थारू,. | २०८१/०७/२५ देखि ०७/२ गतेसम्म |
| ६४ | कपिलवस्तु र रूपन्देही | | विभिन्न १३ वटा फाईलमा अनुसन्धानमा गइएको। | | उपसचिव हरि प्रसाद ज्ञवाली, मा.अ.अधिकृत आशिष श्रेष्ठ, सू.प्र.सहायक अर्जुन खनाल, र स.चा. घनश्याम थारू | मिति २०८१/०६/८ देखि ऐ.१४ गतेसम्म |

अनुसूची २

## अन्य संस्थाले आयोजना गरेको कार्यक्रममा श्रोत व्यक्तिको रूपमा भाग लिएको भए

| क्र. सं. | तालिमको बिषय | संचालन गर्ने निकायको नाम, ठेगाना | आयोगको तर्फबाट भाग लिने सहभागीको नाम | तालीमको अवधि (मिति र दिन समेत) | लक्षित समूह(नागरिक समाज, सेना, प्रहरी गैसस इत्यादी) |
|---|---|---|---|---|---|
| १ | PAMS V2 अभिमखिकरण | को.ले.नि.का रूपन्देही | राज कुमार वि.क. | २०८२ वैशाख ७ गते आइतबार | PAMS प्रणाली सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवहारिक ज्ञान। |
| २ | Sexual and Reproductive Health and Rights (SRHR) विषयक प्रशिक्षण कार्यक्रम। | राष्ट्रिय मानव अधिकार आयोग र UNFPA Nepal | अजित कुमार ठाकुर, मा.अ.अधिकृत प्रिथु खतिवडा, मा.अ.अधिकृत आशिष श्रेष्ठ, मा.अ.अधिकृत सागर पोखरेल, लेखा अधिकृत अर्जुन खनाल, सूचना प्रविधि सहायक राज कुमार वि.क., नायब सुब्बा | मिति २०८१ चैत्र १२ देखि १४ गते सम्म। (धनगढी, कैलाली) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | Developing the Implementation Action Plan on the Capacity Assessment .CA. recommendations with the facilitation of expert) | राष्ट्रिय मानव अधिकार आयोग | हरि प्रसाद ज्ञवाली, उपसचिव-कार्यालय प्रमुख | मिति २०८१ चैत्र १७ गते देखि २० गते सम्म | |

## अन्य निकायले आयोजना गरेको कार्यक्रममा सहभागी भएको सम्बन्धी

**अनुसूची ३**

| क्र. सं. | कार्यक्रमको बिषय | संचालन गर्ने निकायको नाम, ठेगाना | आयोगको तर्फबाट भाग लिने सहभागीको नाम | कार्यक्रमको मिति (दिन समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | "Civic Space" सम्बन्धी छलफल | CWIN NEPAL | उपसचिव-कार्यालय प्रमुख श्री हरि प्रसाद ज्ञवाली | २०८२।०२।०६ मंगलबार | अतिथि सहभागी |
| २ | Free Media Network बैठक | नेपाल पत्रकार मंहासंघ रूपन्देही | मानव अधिकार अधिकृत श्री आशिष श्रेष्ठ | २०८२।०२।१० शनिबार | |
| ३ | नागरिक आंकाक्षा, नागरिक स्वतन्त्रता र नागरिक सर्वोच्चता विषयक नागरिक संवाद कार्यक्रम | मानव अधिकार तथा शान्ति समाज रूपन्देही | मानव अधिकार अधिकृत श्री सुप्रिना चौधरी, नायब सुब्बा श्री राज कुमार बि.क. | २०८२।०२।१० शनिबार | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | मानव बेचबिखनको समस्या र चुनौती तथा समाधानका लागि गर्नु पर्ने प्रयास | माइती नेपाल | उपसचिव-कार्यालय प्रमुख श्री हरि प्रसाद ज्ञवाली | २०८२।०२।१४ बुधबार | अतिथि सहभागी |
| ५ | जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ कार्यान्वयन चुनौती विषयक अन्तरक्रियात्मक कार्यक्रम | बुटवल उप-महानगरपालिका | मानव अधिकार अधिकृत श्री सुप्रिना चौधरी | २०८२।०२।२१ बुधबार | |
| ६ | Freedom Forum समीक्षा बैठक | Freedom Forum | उपसचिव-कार्यालय प्रमुख श्री हरि प्रसाद ज्ञवाली | २०८२।०२।२२ बिहिबार | |
| ७ | मानव अधिकार रक्षक विध्येक सम्बन्धी | ईन्सेक रूपन्देही | हरि प्रसाद ज्ञवाली, कार्यालय प्रमुख | | |
| ८ | मिडिया पहँच कार्यक्रम | नेपाल पत्रकार महासंघ रूपन्देही | हरि प्रसाद ज्ञवाली, कार्यालय प्रमुख | २०८२ वैशाख ११ गते | |
| ९ | राष्ट्र्रिय बालबालिका नीति, २०८० को प्रभावकारी कार्यान्वयनका लागि नीतिको आन्तरीकरण तथा नीति कार्ययोजनाको मस्यौदा उपर राय परामर्श कार्यक्रम | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | आशिष श्रेष्ठ, मानव अधिकार अधिकृत | २०८२ वैशाख २३ गते | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणका लागि प्रदेश सरकारको भूमिका विषयक कार्यशाला गोष्ठी | इन्सेक नेपाल | हरि प्रसाद ज्ञवाली, उपसचिव-कार्यालय प्रमुख | २०८१ चैत्र २८ गते विहिबार (रूपन्देही) | |
| ११ | अभिव्यक्ति स्वतन्त्रता र पत्रकार सुरक्षासम्बन्धी प्रादेशिक संयन्त्रः अभिमुखीकरण | Freedom Forum, National Human Rights Commission | हरि प्रसाद ज्ञवाली, उपसचिव-कार्यालय प्रमुख आशिष श्रेष्ठ, मानव अधिकार अधिकृत | मिति २०८१ चैत्र ८ गते शुक्रवार (पोखरा) | |
| १२ | Safe and enabling environment for adolescent girls and young women-SAFE GIRLS PROJECT) Launch program | UNFPA Nepal, KOICA Nepal & Nepal Government | प्रिथु खतिवडा, मा.अ.अधिकृत | २०८१ फागुन २ गते शुक्रबार | |
| १३ | अन्तर्राष्ट्रिय महिला दिवस | मानव अधिकार तथा शान्ति समाज | हरि प्रसाद ज्ञवाली, उपसचिव/कार्यालय प्रमुख | मिति २०८१ फागुन २४ गते शनिबार | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | वृत्तचित्रः अजिमा र ६ प्रकारका लैङ्गिक पहिचान | - | हरि प्रसाद ज्ञवाली उपसचिव-कार्यालय प्रमुख अजित कुमार ठाकुर मानव अधिकार अधिकृत प्रिथु खतिवडा मानव अधिकार अधिकृत | २०८१ माघ १४ गते दिउँसो १२ बजे | |
| १५ | अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३४ औं स्थापना दिवस | अख्तियार दुरूपयोग अनुसन्धान आयोग बुटवल कार्यालय | प्रिथु खतिवडा मानव अधिकार अधिकृत राज कुमार वि.क. नायब सुब्बा | मिति २०८१ माघ २८ गते ११ बजे | |
| १६ | नेपाल मानव अधिकार वर्ष पुस्तकको अर्धवार्षिक समीक्षा कार्यक्रम | ईन्सेक रूपन्देही | मानव अधिकार अधिकृत श्री अजित कुमार ठाकुर | २०८१ पुष २ गते | रूपन्देही जिल्लाका मानव अधिकारको अवस्था जानकारी तथा जिल्लाका मानव अधिकार उल्लंघनको ट्रेन्डको विषयमा जानकारी भएको |
| १७ | मधेश मानव अधिकार गृह (माहुरी होम) को १७ औं बार्षिक साधरणसभा तथा छैठौ अधिवेशन कार्यक्रम | मधेश मानव अधिकार गृह (माहुरी होम) | हरि प्रसाद ज्ञवाली, कार्यालय प्रमुख/उपसचिव | २०८१ पौष १० गते | |
| | | कार्यक्रममा आतिथिको रूपमा सहभागी भएको। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
